का.जि.प्र.का.द.नं. १००/०५२/६०
११ फागुन २०८१,
आइतबार
23 February, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ई-पेपर हेर्न

वर्ष २३, अंक २१ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com




# माधव–झलनाथ दुरी बढ्दै

## यस्तो छ अपानि

■ पार्टीका आन्तरिक छलफलमा हरेक सदस्यले स्वतन्त्रतापूर्वक पार्टीका हरेक विषयमा बोल्न र मत राख्न पाइन्छ तर पार्टी निर्णयका विरुद्ध आफ्नो पार्टी कमिटीभन्दा बाहिर गएर बोल्न र मत राख्न नपाइने । ■ जनवाद र अनुशासनको सन्तुलन वा सीमाअनुसार अरूका विचारको सम्मान गर्नुपर्ने । यसलाई नाघ्नु दण्डनीय मानिने । ■ पार्टीका नेता तथा कार्यकर्ताको आर्थिक र नैतिक आचरण शुद्ध हुनुपर्ने । ■ नेता, कार्यकर्ताको खानपान, रहनसहन, बस उठ सरल र सामान्य हुनुपर्ने । ■ परपुरुष-परस्त्री शारीरिक सम्बन्ध राख्ने र विवाहपूर्व तथा वैवाहिक सम्बन्धबाहिर शारीरिक सम्बन्ध राख्ने कार्य अनैतिक मानिने ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० फागुन ।

नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खलाबीच असमझदारी चुलिँदै गएको छ । अध्यक्ष नेपालसँग पहिलादेखि नै फरक मत राख्दै आएका खनालले शुक्रबारदेखि जारी दोस्रो केन्द्रीय कमिटी बैठकमा आफूलाई 'सामान्य सदस्य' भन्दै फरक मत दर्ज गरेपछि २ नेताबीचको असमझदारी थप छताछुल्ल भएको हो ।

पार्टीको विधानमा सम्मानित र बरिष्ठ नेता केन्द्रीय कमिटीको बैठकले निर्वाचित गर्नुपर्ने व्यवस्था गरेकोप्रति नेता खनालले असन्तुष्टि जानाउँदै बैठकमा फरक मत राखेको बताए ।

खनालले पार्टीको स्थायी र पोलिटब्युरो बैठकमा लिखित रूपमा 'गलत निर्णयलाई सच्याऔं, पार्टीलाई एकताबद्ध बनाएर अघि बढौं' भन्दै लिखित प्रस्ताव पेस गरेका थिए । त्यस्तै, अनेरास्ववियु र युवा संघको नेतृत्व पविर्तनका विषयमा



शुक्रबारको केन्द्रीय कमिटी बैठकमा असन्तुष्टि राख्दै खनालले पार्टीभित्र निरंकुश र नोकरशाही तरिका भएको संज्ञा दिएका छन् । उनले अहिले मात्र होइन, यसअघि पनि पार्टी अध्यक्ष माधव नेपालविरुद्ध 'फरक मत' राख्दै आएका थिए ।

बैठकमा युवा र विद्यर्थी फाँट हेर्ने नेताहरूको जिम्मेवारी हेरफेरका विषयमा अध्यक्षविरुद्ध खनिएका छन् । अपानिमार्फत अनेरास्ववियुकी अध्यक्ष आरती लामा र युवा संघका अध्यक्ष कृष्ण विकलाई दोहोरो जिम्मेवारीका नाममा पदमुक्त गरेको थियो । त्यस विषयमा अनेरास्ववियु अध्यक्ष लामा समूहका नेताहरूले समानान्तर केन्द्रीय कमिटी घोषणाका लागि गत साता झनाथ खनालकै उपस्थितिमा कार्यक्रम आयोजना गरेका थिए । त्यसपछि पार्टीमा नेपाल-खनालबीच थप तिक्तता छाएको छ ।

'यो अवस्थामा फेरि टीके प्रथामा नियुक्ति गर्ने, मन नपर्नेलाई हटाउने, मनपरेकालाई ठाडो नियुक्ति गर्ने, छँदा खाँदाका कमिटीहरू विघटन गर्ने, उनीहरूका आफ्ना सम्मेलन र अधिवेशन गर्न नदिने, मनोमानी ढंगले नियुक्ति गर्ने, संगठनका साथीहरूमा विभाजन ल्याउने तरिका भनेको गुटबन्दीपूर्ण, विभाजनकारी र विघटनकारी तरिका हो । हाम्रो पार्टीले यस्ता तरिकाको दृढतापूर्वक विरोध र अस्वीकार गर्नुपर्छ', उनले भनेका छन् ।

पार्टीका बरिष्ठ नेता बेदुराम भुसाल नेतृत्वको कार्यदलले तयार पारेको विधानमा विधान छापिएर आउँदै सम्मानित नेता केन्द्रीय कमिटीले तोक्ने व्यवस्था उल्लेख भएर आएपछि खनालले चर्को असन्तुष्टि व्यक्त गरेका थिए । सोही असन्तुष्टिलाई पार्टीको केन्द्रीय कमिटी बैठकमा पनि दर्ज गरे ।

खनालले असन्तुष्टि जनाएको विधानमा भनिएको छ, 'केन्द्रीय कमिटी पदाधिकारीसहित २९९ सदस्यीय हुने छ । »» पृष्ठ २ मा

# उपेन्द्र र महन्थको लगाममा सरकार

### सरकारलाई 'चेक एन्ड ब्यालेन्स'मा राख्ने काम सत्तापक्षमै रहेर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र लोसपाका अध्यक्ष महन्थ ठाकुरले गरिरहेका छन्, जसले प्रधानमन्त्री केपी शर्मा ओलीलाई आफूखुसी अगाडि बढ्न लगाम लगाइरहेको छ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० फागुन ।

गत शुक्रबार प्रतिनिधिसभाअन्तर्गतको कार्यव्यवस्था परामर्श समितिको अनौपचारिक बैठक बसेको थियो, जहाँ सभामुख देवराज घिमिरेले अध्यादेश अगाडि बढाउने विषयमा सरकारको तयारीबारे सत्तारूढ दललाई सोधेका थिए ।

सत्तारूढ दलका प्रमुख सचेतक, सचेतकले संवाद चलिरहेको जवाफ दिए । अर्थात्, सरकार अध्यादेश अगाडि बढाउने विषयमा प्रस्ट भइसकेको छैन । कारण- अध्यादेश अगाडि बढाउन राष्ट्रियसभामा सरकारले बहुमत जुटाउन सकेको छैन । राष्ट्रियसभामा सरकारको प्रस्ट बहुमत नदेखिनुको कारण सत्तापक्षमै रहेका जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को निर्णय हो ।

लोसपा सरकारमै सहभागी छ । जसपा नेपाल सरकारलाई समर्थन गरेर संसद्मा सत्तापक्षमा बस्दै आएको दल हो । तर, भूमि अध्यादेशमा जसपा र लोसपाको चासो सम्बोधन नहुँदा सरकारले अन्य विधेयक अघि बढाउन सकिरहेको छैन ।

५९ सदस्यीय राष्ट्रियसभामा अध्यादेश स्वीकृत गराउन बहुमत ३० सांसद चाहिन्छ । तर, अध्यादेशको पक्षमा ३० मत पुग्न सकिरहेको छैन ।

राष्ट्रियसभामा नेकपा (माओवादी केन्द्र)का १७, नेपाली कांग्रेसका १६, नेकपा एमालेका १०, नेकपा (एकीकृत समाजवादी) का ८, जसपा नेपालका ३, लोसपाको १, राष्ट्रिय जनमोर्चाको १ र मनोनीत ३ जना सांसद छन् । मनोनीत ३ मध्ये अन्जान शाक्य एमाले समर्थित हुन् । »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# घरेलु कामदार खुलाउने विषयमा मन्त्रालयको राय माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० फागुन ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यूएईमा परीक्षणका रूपमा घरेलु कामदार खुलाउने विषयमा कानुन मन्त्रालयको राय माग गरेको छ । २०७३ सालमा संसद्को अन्तर्राष्ट्रिय श्रम समितिले घरेलु काममा जाने महिलाहरू यौन शोषण तथा दुर्व्यवहारमा परेका भन्दै श्रम सम्झौताबिना पठाउन प्रतिबन्ध लगाएको थियो ।

कानुन मन्त्रालयको राय आएपछि द्विपक्षीय रूपमा मान्य हुनेगरी प्रक्रिया अगाडि बढाउने श्रममन्त्री शरत्सिंह भण्डारीले बीबीसी नेपाली सेवालाई बताएका छन् । संसदीय समितिले श्रम सम्झौता भएका मुलुकसँग सुरक्षाको प्रत्याभूति गरे सीपयुक्त श्रमिक पठाउनुपर्ने बताएको छ ।

यूएईका लागि श्रम मन्त्रालयले बनाएको प्रोटोकलमा रोजगारदाताले कामदारको दोहोरो हवाई टिकट, १ महिनाको तालिम खर्चसमेत बेहोर्नुपर्नेलगायतका प्रावधान राखिएको बताइएको छ ।

सरकारले प्रतिबन्ध लगाउने, तर खाडी मुलुकमा घरेलु कामदार थुप्रिने गरेपछि अधिकारकर्मी »» पृष्ठ २ मा

## रमजान १ मार्चदेखि मनाइँदै

**काठमाडौं/मस–** यस वर्षको रमजान पर्व १ मार्चदेखि सुरु हुने भएको छ । कतिपय मुलुकमा २८ फेब्रुअरीदेखि नै रमजान पर्वको व्रत सुरु हुने बताइएको छ । रमजानको समाप्ति १ महिनापछि नयाँ चन्द्रमा देखिएपछि हुने छ ।

ठूलो संख्यामा नेपाली कामदार वैदेशिक रोजगारीमा जाने खाडीका प्रायः सबै मुलुकमा कठोर व्रत गरी यो पर्व मनाइने भएकाले आर्थिक गतिविधिमा शिथिलता उत्पन्न हुने गर्छ । रोजगारदाताहरूले साप्ताहिक र दैनिक कार्यघण्टा घटाउने भएकाले यस अवधिमा नगन्य मात्रामा विदेशी कामदारको माग हुने भएकाले नेपालको वैदेशिक रोजगार क्षेत्रमा पनि प्रभाव पर्ने गरेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । कतिपयले रोजगारदाताले रमजानपछि कामदार पठाउन »» पृष्ठ २ मा

# गुटबन्दी तीव्र पार्दै सिटौला

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १० फागुन ।



नेपाली कांग्रेसमा छुट्टै समूह चलाउँदै आएका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले आफू निकट नेताहरूको भेला बोलाएका छन् । १४औं महाधिवेशनमा सभापति शेरबहादुर देउवालाई सघाएका नेता सिटौलाले शनिबार काठमाडौंको चण्डोलस्थित निवासमा आफू निकट नेताहरूको भेला बोलाएका हुन् ।

भेलामा केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईं, बाग्मती प्रदेशका मन्त्रीसमेत रहेका केन्द्रीय सदस्य कुन्दन काफ्ले, कोशी प्रदेशका »» पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
Public Relations officer - 3 Male/ 3 Female
Documentation - 2 (Female)
Receptionist - 2 (Female)
Office Secretary - 2 (Female)
Minumum 2/3 Years experience in related field.
Salary : Negotiable for all post.
Gov. Lic No. 946/067/068
Kankai Recruitment Suppliers Pvt. Ltd.
Basundhara, Kathmandu, Tel: 01-4954490 | 9851362936
Email: email.kankairecruitment555@gmail.com/kankairecruitment4@gmail.com

"इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो ।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।।"

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
वि.स. २००२ असार २७ गते

स्वर्गारोहण मितिः
वि.स. २०८१ माघ २९ गते

स्व. श्री किर्ति बहादुर राई

मेरा परमपुज्य आदरणीय बुबा स्व. श्री किर्ति बहादुर राईको गत माघ २९ गते ७९ वर्षको उमेरमा असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय बुबाको आत्माको चीर शान्तिको कामनासहित तीनचुला सिप्तुलुङ सुप्तलुङमा बास होस भनी हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै दुःखको यस घडीमा बिभिन्न माध्यमबाट सान्त्वना र समवेदना प्रकट गर्नु हुने सम्पूर्ण आफन्तजन, ईष्ट मित्र तथा साथीभाइहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

ध्रुवराज राई
अध्यक्ष
ग्लोबल वेलफेयर एचआर सोलुसन प्रा.लि.
सामाखुसी, रामीवारी मार्ग काठमाडौं

# ‘कला संस्कृतिको विकासमा लागि परेका छौं’

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, १० फागुन

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लोक कला संस्कृतिमार्फत प्रदेशलाई विश्व सामु चिनाउन खोजिएको बताएका छन् ।

बुटवलमा प्रदेश स्तरीय ललितकला प्रदर्शनीको शुभारम्भ गर्दै उनले लुम्बिनी प्रदेश ललितकलाका लागि उर्वर भूमि भएको बताए । मुख्यमन्त्री आचार्यले प्रदर्शनीमार्फत ललितकला विधाका कलाकृतिहरूको संरक्षण र प्रवर्द्धन हुने विश्वास व्यक्त गरे । कला कुनै पनि राष्ट्रको पहिचान, संस्कार तथा सभ्यताको अमूल्य सम्पत्ति भएको बताउँदै उनले यस्ता प्रदर्शनीहरूले नेपाली ललितकला क्षेत्रको प्रवर्द्धन गर्दै नवप्रतिभाहरूलाई उत्प्रेरित गर्ने जिकिर गरे ।



मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेश सरकारले साहित्यको संरक्षण तथा प्रवर्द्धन, भाषा विकास, संस्कृति र इतिहासको संरक्षण तथा कला प्रवर्द्धनका लागि प्रज्ञा-प्रतिष्ठान गठन प्रक्रिया अघि बढाइसकेको जानकारी दिए । उनले विधेयक तर्जुमा प्रक्रिया अगाडि बढेकाले ऐन सबै पक्षलाई समेटेर तयार पारिने बताए । प्रदेश सरकार ललितकला लगायत सम्पूर्ण कलाक्षेत्रको समग्र विकासका लागि सकारात्मक रहेको उनले उल्लेख गरे ।

कार्यक्रममा ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणी हार्तम्छालीले अनुसन्धान, सिर्जना र सम्मानलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

कार्यक्रममा प्रदेश सभा सदस्य भोजप्रसाद श्रेष्ठले बदलिँदो परि स्थितिमा आशाको किरणका रूपमा ललितकलालाई लिनुपर्ने विचार व्यक्त गरे ।

बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेलेले बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका स्थानीय र ऐतिहासिक पहिचान झल्कने चित्रहरु सार्वजनिक स्थलमा आगामी दिनमा कोरिने बताए । १२३ जना कलाकारको १८० कलाकृति प्रदर्शनीमा राखिएको आयोजकले जनाएको छ ।

# ‘मधानी महोत्सव रोक्न खोज्नेविरुद्ध जनस्तरबाटै विद्रोह हुन्छ’

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, १० फागुन

आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले अन्तर्राष्ट्रिय महत्व बोकेको मधानी महोत्सव रोक्न खोज्नेहरुविरुद्ध जनस्तरबाटै विद्रोह हुने बताएका छन् । रौतहट राजपुर नगरपालिकामा आजपाद्वारा शनिबार आयोजित नगर भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले देवताको भूमि रहेको मौलापुरको मधानी महोत्सव रोक्न खोज्ने जनस्तरबाटै विद्रोह हुने चेतावनी दिए ।



उनले भने, ‘मधानी महोत्सव रोक्न खोज्नेहरु खरानी हुनेछन्, यो देवताको भूमि हो । अन्तर्राष्ट्रिय महत्व बोकेको मधानी महोत्सव, अनि नेपाल र भारतका लाखौं भक्तजनको आस्था जोडिएको यो महोत्सव रोकिए । जनस्तरबाटै विद्रोह हुन्छ ।’

यस्तै उनले त्रिभुवन विश्वविद्यालयको जग्गा खोजबिन समितिको प्रतिवेदन सार्वजनिक गर्न समेत माग गरे । उनले भने, ‘काठमाडौंमा मात्रै एक हजार रोपनी जग्गा हिनामिना भएको छ । नेपाल सम्पत्ति शुद्धीकरणको ग्रे लिष्टमा परेको विषय बाहिरिएको छ, किन यो अवस्था आयो ?’

# तम्घास बजारमा अव्यवस्थित सामग्री हटाउन सुरु

सुमन महतारा/मध्यान्ह
गुल्मी, १० फागुन

गुल्मीको रेसुङ्गा नगरपालिकाले तम्घास बजारमा अव्यवस्थित रुपमा राखिएका सामग्री उठाउन थालेको छ । व्यवसायीले सडकपेटी भन्दा बाहिरी क्षेत्र मिचेर फुटपाथमा सामग्री राखेर ट्राफिक व्यवस्थापन र पैदल यात्रीलाई असहज बनाएको भन्दै नगरपालिकाले फुटपाथका सामग्री उठाएको हो ।



बारम्बार सार्वजनिक सूचना जारी गरेर फुटपाथमा सामग्री नराख्न आग्रह गरिएको तर केही व्यवसायीहरूले अटेरी गरेपछि बाध्य भएर सामग्री उठाउनु परेको रेसुङ्गा नगरपालिकाका सूचना प्रविधि अधिकृत सुरेश खनालले जानकारी दिए ।

फुटपाथ नै मिच्ने पाँच व्यवसायीलाई जरिवानासहित कारबाही गरिएको र एक सय भन्दा बढी व्यवसायीहरूलाई बिक्रीका लागि राखिने सामग्री आगामी दिनमा आफ्नो क्षेत्र भन्दा बाहिर नराख्न थप सुझाव दिइएको अधिकृत खनालले बताए । रेसुङ्गा नगरपालिकाले फुटपाथका व्यवसाय गर्ने घुम्ती व्यवसायीलाई जिल्ला प्रहरी कार्यालय गुल्मी अगाडि निश्चित स्थान तोकेको छ । तोकिएको स्थानमा मात्र व्यवसाय गर्न नगरपालिकाले आग्रह गरेको छ ।

रेसुङ्गा नगरपालिका प्रमुख खिलध्वज पन्थीले गुल्मी उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श र उद्योग संघ गुल्मी लगायत सबैसँग बसेर छलफल गरेर व्यवसायीलाई पटकपटक भनिएको र अटेरी गरेपछि नगरपालिकाले थप कदम अगाडि बढाएको बताए ।

**गुटबन्दी...**

मन्त्री भूपेन्द्र राई, पूर्वरक्षामन्त्री भीमसेनदास प्रधान सहभागी थिए ।

यस्तै, पार्टीका बाग्मती प्रदेश महामन्त्री राजु श्रेष्ठ, गण्डकी प्रदेश सांसद जीत शेरचन, तारकेश्वर नगरपालिकाका प्रमुख कृष्णहरि महर्जन पनि उक्त भेलामा उपस्थित थिए । भेलाले पार्टीको संस्थापन पक्षका राजनीतिक गतिविधिलाई प्रभावकारी ढंगले अघि बढाउने निष्कर्ष निकालेको बैठकमा सहभागी एक नेताले जानकारी दिएका छन् । नेता सिटौला सभापति देउवालाई सघाउँदै आएका ११ जना नेताहरूका साथ २ फागुनमा बूढानीलकण्ठ पुगेका थिए । पछिल्लो समय कांग्रेस महाधिवेशनको विषयलाई लिएर नेताहरूले दौडधुपलाई तीव्र बनाएका छन् । यद्यपि, सभापति शेरबहादुर देउवा र उनी निकटका नेताहरूले १५औं महाधिवेशन आमनिर्वाचनपछि सार्ने विषयमा छलफल चलाएका छन् । आगामी महाधिवेशनमा देउवाको उत्तराधिकारी को हुने भन्ने प्रतिस्पर्धामा रहेका नेतामध्येका सिटौला पनि एक हुन् ।

**माधव...**

यस २९९ मा केन्द्रीय कमिटीबाट मनोनीत हुने सदस्य संख्या र केन्द्रीय कमिटीले तोक्ने सम्मानित नेता एवं बरिष्ठ नेताहरूको संख्या थप हुने छ ।’

विधानमा सम्मानित नेता केन्द्रीय कमिटीको बैठकले तोक्ने छापिएर आएपछि उनले बैठकमा पेस गरेको लिखित प्रस्तावमा आफ्नो पद ‘साधारण सदस्य’ मात्र लेखेर फरक मत राख्दै आपत्ति जनाएको उनी निकट नेताहरूले बताएका छन् । गत असारमा भएको पार्टीको १०औं महाधिवेशनमा आफैं अध्यक्ष बन्न खोजेका खनालले चुनाव जित्न सक्ने अवस्था नदेखेपछि नेता घनश्याम भुसाललाई अध्यक्षमा अघि सार्ने तयारी गरेका थिए ।

लामो रस्साकस्सीका बीच घनश्यामलाई महासचिव बनाएर अध्यक्ष बनेका नेपाललाई खनाल समूहले महाधिवेशनयता खासै सहयोग नगरेको पोलिटब्युरो सदस्य दिलु पन्तले बताइन् । ‘सम्मानित नेता केन्द्रीय कमिटीले तोक्ने व्यवस्था छ’, उनले मध्यान्हसँग भनिन्, ‘सोही विषयलाई लिएर नेता खनालले फरक मत राख्नुभएको हो । केन्द्रीय समितिका सबै नेताहरूले निर्णय गरेपछि त्यसलाई मान्ने कुरा सामान्य हो ।’

अपानिबाट संगठनका अध्यक्षहरूलाई हटाइयो, अधिवेशन गर्न दिइएन भन्ने कुरामा फरक मत राखेका खनाललाई केन्द्रीय कमिटी बैठकले गरेको निर्णय मान्दिनँ भन्न नमिल्ने माधव नेपाल समूहका नेताहरूले टिप्पणी गरेका छन् ।

‘पार्टीले गरेको निर्णय त उहाँले पनि मान्नुपर्‍यो नि !’, पोलिटब्युरो सदस्य पन्तले भनिन्, ‘त्यो उहाँको फरक मत मात्र हो । परिवर्तन हुँदैन । पूर्ण केन्द्रीय कमिटीको बैठकले गरेको निर्णय सबैले मानेरै अघि बढ्नुपर्छ ।’

अध्यक्ष नेपालले हालै जारी गरेको अपानिमा अनेरास्ववियुको अध्यक्षबाट आरती लामा र युवा संघबाट कृष्णकुमार विश्वकर्मालाई बिदा गरिएको थियो । लामा र विश्वकर्मा दुवै झलनाथ र महाससचिव घनश्याम भुसाल निकट मानिन्छन् ।

अहिले अनेरास्ववियुको जिम्मेवारी महेश श्रेष्ठलाई दिएपछि झनाल पक्षले समानान्तर गतिविधिको तयारीसमेत गरिरहेको छ । विधानको विषय सच्चाउने पार्टीले निर्णय गरेपछि नेता खनालले अनेरास्ववियु पुनर्गठन गरिनु नेतृत्वको निरंकुश र नोकरशाही शैली भएको आरोप लगाएका छन् ।

नेपाल र खनालबीच पार्टी निर्माणपछि सबैजसो महत्त्वपूर्ण निर्णयमा भिन्न मत देखिँदै आएको छ । पार्टीको सैद्धान्तिक कार्यक्रमबाटै नेपाल र खनालबीच फरक मत देखिएको थियो ।

अध्यक्ष नेपाल र उनी निकट नेताहरू, एमालेकै जस्तो जनताको बहुदलीय जनवाद (जबज)लाई मार्गदर्शक सिद्धान्त मान्नुपर्ने पक्षमा थिए । तर, त्यसमा खनालले फरक व्याख्या गरे । ‘अब जबज हाम्रो मार्गदर्शक सिद्धान्त बन्न सक्दैन । मार्क्सवाद-लेनिनवाद नै हाम्रो मार्गदर्शक सिद्धान्त हो’, खनालले त्यसैबेला भनेका थिए । खनालले लिएको अडान र तर्कमा अध्यक्ष नेपाल सहमत नहुँदा अहिले पनि एकीकृत समाजवादी सैद्धान्तिक मतभेद कायमै छ ।

**उपेन्द्र...**

मनोनीत सांसद वामदेव गौतम अध्यादेशको पक्ष र विपक्ष दुवैमा खुलेका छैनन् । मनोनीत सांसद नारायण दाहाल राष्ट्रियसभामा अध्यक्ष छन् । अध्यक्षले मत बराबर भएको अवस्थामा मात्र मतदान गर्न पाउने भएकाले उनको मत पक्ष वा विपक्षमा गन्न मिल्दैन ।

हाल राष्ट्रियसभामा रहेको अंकगणित अनुसार र कांग्रेस (१६), एमाले (१०) मिल्दा २६ जना मात्र हुन्छ । अन्जान शाक्य जोडिँदा २७ पुग्छ । यदि जसपा नेपाल र लोसपाले साथ दिए सरकारको पक्षमा ३१ मत पुग्छ । तर, जसपा नेपाल र लोसपा नेपालले भूमि अध्यादेश फिर्ता लिनुपर्ने शर्त राखेको छ । जसपा नेपालले भूमि अध्यादेश फिर्ता नलिए बाँकीमा पनि समर्थन नगर्ने बताउँदै आएको छ । यसले सरकारलाई अप्ठ्यारो परेको हो ।

नेताहरूका अनुसार सरकारलाई ‘चेक एन्ड ब्यालेन्स’मा राख्ने काम सत्तापक्षमै रहेर उपेन्द्र यादव र महन्थ ठाकुरले गरिरहेका छन्, जसले प्रधानमन्त्री केपी शर्मा ओलीलाई समेत आफूखुसी अगाडि बढ्न लगाम लगाइरहेको छ । यो लगाम कसरी फुकाउने भनेर सत्तापक्षमा नेताहरू नियमितजसो छलफलमा जुटिरहेका छन् । तर, अगाडि बढाउने तय नहुँदा संसद्को कार्यसूचीमा चढ्न सकेको छैन । यसअघि गत २४ माघमा दुवै सभामा अध्यादेश स्वीकृतिका लागि पेस गर्ने कार्यसूची तय भएको थियो । सरकारको आग्रहमा स्थगित भएको उक्त कार्यक्रम पुनः अगाडि बढ्न सकेको छैन ।

प्रतिनिधिसभाको बैठक आइतबार बस्दै छ । आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले मुस्लिम आयोगको वार्षिक प्रतिवेदन पेस गर्ने, गृहमन्त्री रमेश लेखकले नेपाल प्रहरी विधेयक दफावार छलफलका लागि विषयगत समितिमा पठाउने र मोन्ट्रियल प्रोटोकल किगाली संशोधनमाथि सामान्य छलफल गर्ने विषय कार्यसूचीमा छ ।

**घरेलु...**

तथा सांसदलगायत सबैतिरबाट सुरक्षाको उचित प्रबन्ध गरेर घरेलु कामदारको प्रतिबन्ध हटाउन संसद्मा माग बढेको छ । उनीहरूले स्वदेशमा सरकारले जीविकोपार्जन हुने रोजगारीको प्रबन्ध गर्न नसकेका अवस्थामा सुरक्षाको कारण देखाउँदै श्रम स्वीकृतिमा रोक लगाउनु संविधानले सुनिश्चितता गरेको लैंगिक विभेद नगर्ने प्रावधान उल्लंघन भएको टिप्पणी गर्ने गरेका छन् ।

करिब १ हप्ताअघि प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनालले कुवेतलगायत खाडी मुलुकहरूमा वैदेशिक रोजगारीका लागि नेपाली महिला गैरकानुनी बाटोबाट गएका कारण विकराल मानवीय समस्या सिर्जना गरेको भन्दै व्यवस्थित गराउन सरकारको ध्यानाकर्षण गराएका थिए ।

सांसद खनालले नेपाल सरकारले खाडी मुलुकमा महिला घरेलु कामदार पठाउन प्रतिबन्ध लगाए पनि अहिले कुवेतमा नेपाली महिला कामदारको संख्या ५० हजार नाघेको जानकारी दिएका थिए । एकातिर नेपाल सरकारले घरेलु महिला कामदार पठाउन प्रतिबन्ध लगाउने र अर्कातिर स्थापित विधिलाई खिल्ली उडाउनेगरी खाडी मुलुकहरूमा नेपाली घरेलु महिला कामदारको संख्या बढेको भन्दै सांसद खनालले यसले नेपालको कूटनीतिक सम्बन्ध स्खलित भएको समेत दाबी गरेका थिए ।

स्वदेशमा रोजगारी नपाएका, श्रीमान् गुमाएका वा श्रीमान्सँग सम्बन्धविच्छेद गरेका, बाबु वा आमाले अर्को विवाह गरेकाले पारिवारिक बेमेलको समस्या र आर्थिक समस्यामा परेकाहरूलाई एजेन्टले विभिन्न प्रलोभनमा पारेर घरेलु काममा पठाउने क्रम नरोकिएको बताइन्छ ।

सरकारले वैधानिक रूपमा पठाउन अनुमति नदिँदा एजेन्टले राम्रो जागिरको प्रलोभन देखाएर लोभ्याउने गरेका समेत देखिएको छ ।

दलालहरूले भिजिट भिसा बनाएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै घरेलु कामदार सप्लाई गर्ने कम्पनीमा पुर्‍याउने गरेका छन् । सरकारले वैधानिक रूपमा पठाउन सुरु गरे गैरआवासीय नेपालीको आवरणमा रहेका केही बिचौलिया एजेन्टहरूको फुर्तीफार्ती पनि सेलाउने कतिपयको टिप्पणी छ ।

**रमजान...**

नेपाली म्यानपावर कम्पनीहरूलाई जानकारी पठाइसकेको पनि व्यवसायीहरूको भनाइ छ ।


## Turmakhand Rural Municipality
## Office of Rural Municipal Executive
**Turmakhand, Achham**

### Invitation for Bids

**First Date of Publication: 2081-11-11**

1. Turmakhand Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of below listed works under National Competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information at the Office of Rural Municipal Executive, Turmakhand, Achham, Phone: - 9851424003 or may visit PPMO.s egp-system www.bolpatra.gov.np/egp
3. Bidder May download the bidding documents for e-submission from PPMO website www.bolpatra.gov.np/egp. Bidders should deposit the cost (as specified below) of bidding document in the Aantarik Rajaswo Khata (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : - Nabil Bank,Turmakhand Branch
   Name of Office : - Turmakhand Gaunpalika, Achham
   Office Account No : - 07901017500528
4. Electronic Bids must be submitted to the Office of Rural Municipal Executive,Turmakhand, Achham through PPMO.segp-systemwww.bolpatra.gov.np/egp on or before 12:00 hours on 2081-12-11 Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2081-12-11 at Office of Rural Municipal Executive,Turmakhand, Achham. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of as mentioned below, which shall be valid for 30 days beyond the validity period of the bid. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in Dharauti (Security Deposit) account as specified below and submit scanned PDF copy of receipt of the deposited amount of cash along scanned PDF copy.
   Name of the Bank : - Nabil Bank, Turmakhand Branch, Achham
   Name of Office : - Turmakhand Gaunpalika,Achham
   Dharauti (Security Deposit) Account no: - 07901017500543
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. Summary of Contract and Details with Name and Identification are as follows:

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Bid Security amount | Bid Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | TRM/NCB//B-07/2081-082 | Constuction Of 6 Number Ward Office Building | 96,18,567.243 | 2,90,000 | Validity up to 90 days from the last date of bid submission | 3,000.00 |

**Chief Executive Officer**



## Gangadev Rural Municipality
## Office of Rural Municipal Executive
**Sandada, Rolpa**
**Lumbini Province, Nepal**

### Re-Invitation for Sealed Quotation (e-Bid Only)

**Second Date of Publication: February 23, 2025 (2081-11-11)**

Gangadev Rural Municipality, Rolpa invites online sealed quotation under e-Procurement System to the eligible bidders for the following procurement of the following works.

| S. N. | Contract Identification No. | Name of Contract | Estimated Amount (Excluding VAT& Contingency) | Bid Security Amount | Bid Document Fee | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | GRM/SQ/ WORKS/081/82-01 | Bhagawati Aadharbhut Vidhyalaya Adhuro Bhawan Nirman tatha Rangrogan Gangadev-3, Rolpa | 12,30,879.08 | 40,000.00 | 1000.00 | March 10, 2025 Before 12:00 PM | March 10, 2025 2:00 PM |

- The Sealed Quotations must be submitted electronically only. Eligible Bidders may obtain further Information from PPMO website:www.bolpatra.gov.np/egp.
- Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document and bid security amount as the following account.
  ***Name of the Bank: Global IME Bank Ltd.***
  ***Name of the Office: Gangadev Rural Municipality, Sandanda, Rolpa***
  ***Office Account (Ga. 3.1 Dharauti Khata) no.:27004010000002***
  ***Revenue (Ga 1.1 Aantarik Rajaswo Khata) Account no: 27004010000009***
- The office suggests to all eligible bidders to visit working site before bid submission.
- The office reserves the right to accept or reject any proposal partially or fully without mentioning any reason.

**Chief Administrator Officer**

# पत्रकारले गलतलाई गलत र सहीलाई सही भन्नुपर्छ : मन्त्री श्रेष्ठ




**काठमाडौं / मस**-बागमती प्रदेशका सहकारी तथा गरिबी निवारणमन्त्री मधुकुमार श्रेष्ठले पत्रकारहरुले गलतलाई गलत र सहीलाई सही भन्नुपर्ने बताएका छन् ।

शनिबार काठमाडौंमा आयोजित राष्ट्रिय दलित पत्रकार संघ नेपालको उपत्यका प्रदेश समितिको प्रथम अधिवेशनलाई सम्बोधन गर्दै प्रमुख अतिथि मन्त्री श्रेष्ठले पत्रकारहरुले व्यक्तिको दबाब र प्रभावका नपरी समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिए ।

यस्तै उनले मिडियाले राजनीतिक सामाजिक परिर्वतनका लागि महत्वपूर्ण योगदान गरेको बताए । उनले भने,'सामाजिक तथा आर्थिक परिवर्तनका लागि पनि मिडियाको भूमिका आवश्यक छ ।'

यस्तै सहकारीका नाममा गरिबको पैसा अपचलन गर्ने र अनुउत्पादक क्षेत्रमा लगानी गरेर रकम डुबाउनेलाई कारबाही गरिने पनि उनले बताए । प्रदेश सरकारले दलित, गरिब विपन्न परिवारको लागि स्वास्थ्य बीमा कार्यक्रम ल्याएको पनि मन्त्री श्रेष्ठले बताए ।

कार्यक्रममा विशेष अतिथि राष्ट्रिय दलित पत्रकार संघ, नेपालका केन्द्रीय अध्यक्ष विनोद पहाडीले मिडियामा दलित सहभागिता न्यायसंगत हुन नसकेको बताए । उनले भने, 'मिडिया आवाजविहीनको आवाज भनिए पनि समाजका उत्पीडन र विभेदमा परेको वर्ग समुदायको आवाज बन्न सकिरहेको छैन ।' यस्तै उनले मन्त्री श्रेष्ठलाई प्रदेशमा सहकारी र दलित समुदायलाई जोड्न विशेष कार्यक्रम ल्याउन आग्रह गरे ।

नेपाल पत्रकार महासंघका उपाध्यक्ष उमिद वागचन्दले मिडियामा सामाजिक विषयवस्तुमाथिको बहस कम हुने गरेको बताए । उनले भने, 'राष्ट्रिय दलित पत्रकार संघले दलितमाथिको विभेदविरुद्ध मिडियाका माध्ययबाट आन्दोलन गरिरहेको छ । त्यो नेपाल पत्रकार महासंघको पनि आन्दोलन हो ।'

कार्यक्रममा सभाषद् एवं जागरण मिडिया सेन्टरका अध्यक्ष कमला विश्वकर्माले देशमा दलित समुदायका मुद्दालाई निस्वार्थ, निष्पक्ष भएर उठाउन आग्रह गरिन् ।

कार्यक्रममा प्रेस युनियन नेपालका उपाध्यक्ष युवराज गौतम, प्रेस सेन्टर नेपालका उपाध्यक्ष विदुर खड्का, नाडजोनका महासचिव लक्ष्मण दर्नाल, नेपाल दलित मुक्ति मोर्चाका केन्द्रीय उपाध्यक्ष पदम विश्वकर्मा, राष्ट्रिय खीष्टियन महासंघ नेपालको अध्यक्षमा उद्धव प्रसाद चिमोरिया लगायतले मन्तव्य राख्दै दलित मुक्तिका लागि पत्रकारिता महत्वपूर्ण अस्त्र रहेको बताएका थिए । उनीहरुले दलितका मुद्दालाई सही रुपमा उठान गर्नुपर्नेमा जोड दिएका थिए ।

उपत्यका प्रदेश समितिका अध्यक्ष सुशील दर्नालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य सचिव सन्दिप वि.कले राखेका थिए ।

यस्तै अधिवेशनले अनिल सुनाम अध्यक्ष रहने गरी २१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा प्रकाश बराइली, सुस्मिता सुनार, सचिव प्रमोद परियार, सहसचिव टिका रसाइली र कोषाध्यक्षमा निरोज तालाङ्गी रहेका छन् ।

यस्तै केन्द्रीय पार्षद्मा सुशील दर्नाल,सन्दिप वि.क, गणेश वि.क, ईश्वर वि.क र सीता वि.क चयन भएका छन् ।

# विकटका महिला सफल उद्यमी बन्दै

**सपना बोहरा / मध्यान्ह**
बाँके, १० फागुन

कसैले सेलरोटी पकाउँदै थिए, कसैले चटपटे बनाउँदै, कसैले ढिकरी पकाउँदै, कसैले विभिन्न परिकारका स्वादिष्ट अचारहरू ल्याएका थिए । कसैले आफैले सिलाइ बुनाइ गरेका आकर्षक कपडाका डिजाइनहरू तथा काठका सामग्रीहरू । हेर्दा नौलो लाग्ने ती सामग्रीहरू गाउँघरका महिलाहरूले खाली समयको सदुपयोग गर्ने एउटा माध्यम मात्र थियो । हिजोआज त्यही माध्यम महिलाहरूको छुट्टै पहिचान बनेको छ, जुन पहिचान लिएर आएका थिए महिला उद्यमी संघ नेपाल बाँकेले आयोजना गरेको महिला उद्यमीहरुद्वारा उत्पादित वस्तुहरूको प्रवर्द्धन तथा बजारीकरणका लागि ९औं लुम्बिनी प्रदेश स्तरीय प्रदर्शनीमा ।



नेपालगन्जस्थित बागेश्वरी मन्दिर पूर्वमा रहेको पार्कमा महिलाहरूले स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरू र आफूले जानेका सिकेका सीपहरुलाई उद्यममा परिणत गरेर प्रदर्शन गर्न आएका थिए । त्यही प्रदर्शनीको बीचमा थिइन् दाङकी प्रेमकुमारी पुन । जो अल्लो धागोबाट प्रख्यात छिन् । उनले अल्लो धागोबाट बुनेका कपडाहरू ल्याएर प्रदर्शन गरेकी थिइन् । गाउँघरमै पाइने अल्लो धागोबाट कपडा बुनेर बेचेर उनले आफूलाई सफल उद्यमी समेत स्थापित गरिसकेकी छिन् । 'प्रदर्शनीले उद्यमी महिलाहरूको क्षमता अभिवृद्धि र व्यापार बजारीकरणमा सहयोग पुग्छ'उनले भनिन् ।

त्यस्तै सुर्खेतकी मनिषा खड्का पनि प्रदर्शनीमा सहभागी थिइन् । उनले आफ्नो गाउँठाउँमा पाइने भाङ्गो, टिमुर, फापर, गेडागुडीका दाल लगायतका सामग्रीहरू लिएर प्रदर्शन गरिरहेकी थिइन् । गाउँघरमा उत्पादन भएका वस्तुहरूलाई प्याकेजिङ गरेर बेच्ने गरेको उनले बताइन् । उनले जुम्ला, हुम्ला, डोल्पा र मुगुको अर्गानिक सिमी, कोदोको पिठो मकैको चामल,मार्सी चामल ल्याएर प्रशोधन गरेर बेच्ने गरेको बताइन् । भान्सादेखि गाउँघरमा सिक्दै आएका सीपलाई व्यवसायमा परिणत गरेर महिला उद्यमीको रूपमा पहिचान बनाएका छन् । भान्सामा सीमित रहने गृहणी महिलाहरू सफल उद्यमीको रूपमा सहभागी भएका थिए ।

फागुन ६ गतेदेखि १० गतेसम्म सञ्चालनमा रहेको प्रदर्शनीमा प्रदर्शनीमा बाँके, बर्दिया, सुर्खेत, दाङ, बाँके, बर्दिया, सल्यान, प्यूठान, रोल्पा रुकुम, सुर्खेत जिल्लाका महिला उद्यमीहरूले उत्पादन गरेका सामग्रीहरूको बिक्री वितरण तथा प्रचार-प्रसार गरेका थिए । महिला उद्यमी संघ नेपाल बाँके अध्यक्ष सावित्रा बस्नेत पोखरेलले महिला उद्यमशिलता आर्थिकसँग जोड्नको लागि प्रदर्शनीले सहयोग गर्ने बताइन् ।

'विभिन्न जिल्लाका महिला उद्यमीहरू आएर आफूसँग भएका सामग्रीहरूको बजारीकरण तथा प्रसार पसार गर्छ' उनले भनिन्,'जसले गाउँघरमा उत्पादन भएका वस्तुहरूले बजारमा मूल्य पाउनेछन् ।' नेपालगन्जको परम्परागत तथा रैथाने परिकारहरुलाई प्रवर्द्धन गर्नको लागि प्रदर्शनीले सहयोग पुगेको उनले बताइन् ।


## मोटरसाईकल हराएको सूचना

मिति २०८१/१०/३० गते अन्दाजी १९:०० बजेको समयमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका-३२, दोभान पुलस्थित पार्किङ गरि राखेको बा.प्र. ०२–०५० प ५४९४ नम्बरको Silver metalic matt रङको KTM Duke 200cc मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खवर गरिदिनुहोला ।

**सवारी धनी** : महेश्वर अमात्य
**च्यासिस नं.**: MD2JPCXL4RN074839
**इन्जीन नं.**: R-936*09810*
**सम्पर्क** : ९८२७७००३५५

## निक्षेप उपर हकदावी सम्वन्धी ३५ दिने सूचना

यस विकास बैंकको, ट्राफिक चोक, बुटवल शाखा कार्यालयका खातावाला ठाकुर प्रसाद अर्यालको बुहारी गणेश प्रसाद अर्यालको पत्नी लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं.१४-कुसेनीमा बस्ने सीता अर्यालको मिति २०८१/०९/१० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेको निक्षेप खाताको रकम भुक्तानी पाउँ भनी निजको पती गणेश प्रसाद अर्यालले यस विकास बैंकमा निवेदन दिनुभएको हुंदा उक्त निक्षेप रकम उपर निज निवेदक वाहेक अग्र प्राथमिकतामा कोही कसैको हकदावी लाग्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित हकदावी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
केन्द्रीय कार्यालय:
सनराईज विज पार्क, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५१३२३२, ४५१३२३४
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गाको इजाजतपत्रप्राप्त संस्था)

## माइग्रेसन हराएको सूचना

मिति २०८१/०३/१७ गते सल्लाघारीदेखि पेप्सीकोलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको १०+२ तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले निम्न मोवाइल नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

**नाम** : राज कुमार थापा
**रजिष्ट्रेसन नं.** : ६६२११४०४१
**सिम्बोल नं.**: २२११४०४१
**मोवाइल नं.** : ९८५१०१८२५६

## यूएईमा रोजगार

कम्पनी : ON TOP SECURITY SERVICES L.L.C
पूर्व स्वीकृत मिति: २०८१/१०/१० चलानी नं.: ६०२३१८३५ LT. No.: 317660
शहर :UAE
पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 7 | 0 | स. काममा दक्ष | 1500 | ५६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता सिपी होटल, विर्तामोड, झापामा २०८१ फागुन १८ गते (2 March 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता नमस्ते जनप्रिय थकाली भान्साघर, पोखरा, कास्कीमा २०८१ फागुन १९ गते (3 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Glocal Workforce Nepal Pvt.Ltd.
GLOCAL WORKFORCE NEPAL PVT. LTD.
Contace: 5925410, 5925411, Kathmandu, Nepal. Lic No.: 1722/081/082


Government of Nepal
Ministry of Urban Development
Department of Urban Development & Building Construction

## Project Office of Urban Development & Building Construction

Bhadrapur-Jhapa

## Invitation for Bids (IFB) :- 10/2081-82

**First date of publication: 2081/11/11B.S. (2025/02/23)**

Project Office of Urban Development & Building Construction (PUDBC), Jhapa invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding procedure. The details are in the bidding document.

| S. N. | Contract ID | Description of Work | Bid Validity/Bid Bond Validity Period | Estimated Amount (Without VAT& Contingencies) | Bid Security Amount | Bid-Price (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | PUDBC/JHAPA/ WORK/NCB/67/81-82 | Infrastructure Construction works in Birtamode Municipality, Jhapa. | Minimum 90 days /120 days from the last date of bid submission | 85,70,016.17/- | 2,50,000.00 /- | 3,000/- |
| 2 | PUDBC/JHAPA/ WORK/NCB/68/81-82 | Road Upgradation works in Birtamode-02 from Sahid Marg west Pathibhara Gas to Kankai Municipality Border, Jhapa. | Minimum 90 days /120 days from the last date of bid submission | 85,70,550.35/- | 2,50,000.00 /- | 3,000/- |

A complete set of Bidding Documents may be downloaded from the PPMO E-Portal-www.Bolpatra.gov.np/egp (e-GP II)
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Bhadrapur, Jhapa, Name of Office: Project Office of Urban Development & Building Construction, Bhadrapur, Jhapa, Office Code no.: 347011201, Office Account no.: 1000100200010000, Rajaswa Shirsha No : 14229

**Project Chief**

Suryodaya Municipality

## Fikkal Hospital

Fikkal, Ilam

## Invitation for Bid

**First Date of Publication: 11th of Falgun, 2081 (23rd of February, 2025)**

1. The Fikkal Hospital, Fikkal, Ilam invites electronic bids from eligible bidders for the procurement of Medicines and Related Items for Hospital Pharmacy under National competitive bidding – Single Stage Single Envelope procedures.

**Details of Supply**

| S. No. | Contract Identification No.: | Name of Project : | Bid Security Amount NRs.: | Bid Document Fee NRs.: | Remarks |
|---|---|---|---|---|---|
| 1 | FH/NCB/ SUPPLY03-081/082 | Procurement of Medicines and Related Items for Hospital Pharmacy Phase III | 515,000.00 | 3,000.00 | Item-wise Contract |

2. The scanned copies of the Bidders Registration Renewal up to F/Y 081/082, DDA Registration Certificate (Licensee) with Renewal for F/Y 081/082, PAN/VAT Registration and Tax Clearance certificate or Tax return submission evidence or evidence of tax time extension for F/Y 080/81, the scanned copy (pdf format) of the Bank Deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
3. Bidder's must submit the evidence of having experience under supply contracts in the role of prime supplier (single entity or JV member) or subcontractor for at least the last 3 years in supplying medicines to the hospitals with Health Insurance Provision from Health Insurance Board (HIB) prior to the applications submission deadline.
4. Eligible bidders can participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np/egp. Information regarding Financial Institution for Bid Document Fee and Bid Security is given below :

| Information to Deposit the Cost of Bidding Document in Bank: | Information to Deposit Bid Security in the Form of Cash : |
|---|---|
| Name of the Bank: Rastriya Banijya Bank, Fikkal Branch, Ilam<br>Account Name: FIKKAL ASPATAL<br>Account No.: 2100100002690001 | Name of the Bank: Rastriya Banijya Bank, Fikkal Branch, Ilam<br>Account name - FIKKAL ASPATAL<br>Account No.: 2100100002690001 |

5. General information related to Electronic Bids are :

| Pre-bid Meeting : | Last Date of Bid Submission : | Bid Opening : | Bid Validity : | Bid Security Validity Period : |
|---|---|---|---|---|
| Date: 28th of Falgun, 2081 (12th of March, 2025)<br>Time: 1:00 p.m.<br>Place: Fikkal Hospital Office, Fikkal, Ilam | Date: 12th of Chaitra, 2081 (25th of March, 2025)<br>Time: 12:00 p.m.<br>Place: Fikkal Hospital Office, Fikkal, Ilam | Date: 12th of Chaitra, 2081 (25th of March, 2025)<br>Time: 13:00 p.m.<br>Place: Fikkal Hospital Office, Fikkal, Ilam | Minimum 90 days from the last date of bid submission. | Minimum 30 days beyond the bid validity period. |

6. When submitting the bid rates, the details must be filled out only on the certified form with the seal of the Fikkal Hospital, Fikkal, Ilam and the signature of the authorized person, along with the seal and signature of the bidder's firm or company.
7. The price of medicines and medicinal products must be at least lower than the maximum retail price. While submitting the rates, the amount excluding VAT must be clearly mentioned in both figures and words. In case of any discrepancy between the rates mentioned in figures and words, the rate in words will be considered valid.
8. The hospital reserves the full right to accept or reject the bid, approve only partial items, or cancel it altogether. Medicines and medicinal products will be supplied as per the item-wise rates approved for each respective company.
9. The approved items in the bid must be delivered to the hospital within 10 days from the date of receiving the purchase order. Otherwise, the hospital will directly purchase the medicines and medicinal products from the market. If the cost of such purchases exceeds the bid price, the difference will be recovered from the bidder's security deposit or the remaining payment due.
10. At the time of acceptance, medicines and medicinal products must have at least 18 months of shelf life remaining, or in the case of short-term medicines, 75 percent of the shelf life must be remaining.
11. For matters not mentioned in this notice, the Public Procurement Act 2063 (with the latest amendments) and the Public Procurement Regulation 2064 (with the latest amendments) and applicable laws will apply.

**Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com
११ फागुन २०८१ आइतबार
23 February 2025, Sunday

सम्पादकीय

## अस्थिरताको विपक्षमा

सत्ता साझेदार गठबन्धनभित्रै सरकारको त्रुटि औंल्याउने क्रम बढिरहेको छ । प्रधानमन्त्री केपी शर्मा ओली आफैंले सरकारले अपेक्षित काम गर्न नसकेको स्वीकारेका छन् । आफू नेतृत्वको नेकपा एमालेको केन्द्रीय बैठकमा प्रधानमन्त्री ओलीले सरकारको गति बढ्नुपर्ने निष्कर्ष प्रस्तुत गरेका थिए । यद्यपि, अघिल्ला सरकारभन्दा राम्रो काम गरेको दाबी प्रधानमन्त्री ओली र एमाले नेताहरूले गरिरहेका छन् । प्रमुख सत्तारूढ नेपाली कांग्रेसभित्र पनि सरकारप्रति मिश्रित निष्कर्ष छ । सभापति शेरबहादुर देउवा सरकारप्रति मख्ख छन् । देउवापत्नी एवं कांग्रेस केन्द्रीय सदस्य डा. आरजु राणा वर्तमान सरकारको प्रमुख खेलाडी हुन् । त्यसैले यो सरकारप्रति सकेसम्म सकारात्मक प्रचार देउवाको चाहना हो । देउवाको चाहना बुझेका कांग्रेस नेताहरूले वर्तमान सरकारका त्रुटि औंल्याएका छैनन् ।

तर, कांग्रेसको संस्थापनइतर समूह वर्तमान सरकारप्रति खुसी देखिँदैन । डा. शेखर कोइरालाले खुलेर वर्तमान सरकारको कमजोरी औंल्याइरहेका छन् । शनिबार राजधानीमा आयोजित एक कार्यक्रममा कोइरालाले राज्य नै एमालेकरण भइरहेको टिप्पणी गरे । यो टिप्पणी चानचुने होइन किनकि बहुदलीय लोकतान्त्रिक गणतान्त्रिक प्रणाली अपनाएको मुलुकमा डा. शेखरले भनेजस्तो परिस्थिति आउनु राम्रो होइन । राज्यकै पार्टीकरण हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो । राज्यकै पार्टीकरण भइसकेपछि आवधिक चुनावको ठूलो अर्थ हुँदैन किनकि त्यस्तो चुनाव नाम मात्रमा सीमित हुन्छ । संसारमा नाम मात्रको लोकतन्त्र रहेका धेरै मुलुक छन् तर नेपाललाई त्यस्तो देशहरूको बाटोमा लैजान सकिँदैन ।

त्यसैले डा. शेखरले गरेको टिप्पणी सामान्य होइन । कांग्रेसभित्र रहेको डा. शेखरको भूमिकाका कारण पनि त्यस्तो अभिव्यक्ति दिइएको हुन सक्छ । लोकतान्त्रिक अभ्यासमा फरक मतको सम्मान हुनुपर्छ र राखिनुपर्छ । फरक मतले नै राज्यलाई अधिनायकवादको बाटोमा जान दिँदैन । जनता र संविधानप्रति सरकारलाई हमेसा जबाफदेही बनाउन पनि फरक मतको भूमिका हुन्छ । त्यसैले संसदीय लोकतन्त्रमा प्रमुख प्रतिपक्षी दलका नेतालाई संवैधानिक भूमिका दिइएको हुन्छ । सत्तारूढभित्रै पनि भिन्न मत हुँदा सरकारलाई नै थप उत्तरदायी बनाउन मदत मिल्छ । तर, पार्टीभित्रको लोकतन्त्रलाई स्वस्थ बनाइरहँदा देशको राजनीतिक स्थिरताबारे विचार पुर्‍याउनुपर्छ किनकि हाम्रो राज्य सत्तालाई सन्तुलनमा राख्नुपर्ने जत्तिकै राजनीतिक स्थिरता पनि आवश्यकता छ । तसर्थ, यी दुवै कुरालाई ध्यानमा राखेर नेताहरूले सार्वजनिक अभिव्यक्ति दिनुपर्छ । यसको अर्थ सरकारमाथि प्रश्न नउठाउने भन्नेचाहिँ होइन ।

# आन्दोलन र जनअपेक्षा

२००७ सालको क्रान्तिले जुन कुराको निरुपण गर्नुपर्ने थियो, त्यो हुन सकेन । विभिन्न शृंखलाका भएका आन्दोलनहरूले पनि ती मुद्दालाई पूरा गर्न सकेनन् । गणतन्त्रात्मक लोकतन्त्र, धर्मनिरपेक्षता, समावेशिता तथा समानुपातिकता जस्ता कुराहरूलाई निकै हलुका रूपमा मात्र लिइएको पाइन्छ...

अग्रलेख



● लोकनारायण सुवेदी

छिमेकी देशहरू भारत र चीनलगायत उपनिवेशवादबाट मुक्त भइरहेको बदलिँदो अन्तर्राष्ट्रिय परिप्रेक्ष्यका बीच नेपालमा जहानियाँ एकतन्त्रीय राणा शासनविरोधी २००७ सालको क्रान्ति सम्पन्न भएको थियो । त्यसैले प्रकट वा अप्रकट रूपमा उक्त क्रान्ति पनि सामन्तवाद र साम्राज्यवादविरोधी धारमा नै खडा थियो ।

प्रस्टै छ कि त्यो क्रान्ति आन्तरिक रूपमा राणाशाही, सामन्तवादविरोधी र बाह्य रूपमा ब्रिटिस साम्राज्यवादविरोधी पनि थियो । इतिहासका अध्येता, ज्ञाता सबैलाई के थाहा भएकै कुरा हो भने, नेपालमा राणा शासनको अभ्युदयमा ब्रिटिस साम्राज्यवादको प्रत्यक्ष आड धाप रहेको थियो । त्यसैले क्रान्तिले सार्थक किसिमले सही दिशा र गति पाएको भए नेपाल त्यति बेलैदेखि वैज्ञानिक समाजवादोन्मुख नयाँ जनवादी क्रान्तिको बाटो लिने थियो र नेपाल आजको अवस्थामा नरहेर एउटा उन्नत स्तरको स्वाधीन मुलुकमा परिणत भइसकेको हुने थियो ।

तर, २००७ सालको क्रान्ति अधुरै रूपमा दिल्ली सम्झौतामा गएर टुंगिएकाले नेपालको राजनीतिक कायापलट हुन सकेन । त्यसपछि पटक-पटक प्रतिगमनका विरुद्ध लड्नुपर्‍यो । अहिलेसम्म पनि राजनीतिक अस्थिरता कायमै छ र त्यो खतरा कायमै छ ।

अनुभवले सिद्ध गरेकै कुरा हो कि क्रान्तिलाई अधुरो र अपूरो रूपमा छाड्दा कसरी प्रतिगामी र प्रतिक्रियावादी शक्ति क्रान्तिपछि हाबी हुँदो रहेछ भन्ने कुरा २००७ सालदेखि २०१७ सालसम्मको राजनीतिक इतिहासका घटनाक्रमले प्रस्ट पारेको छ । एक वा अर्को राजनीतिक कलेवरमा प्रतिगमनले कसरी कब्जा जमाउँदो रहेछ, स्वाधीनता कमजोर हुँदो रहेछ भन्ने यथार्थ त्यस कालखण्डको अस्थिर राजनीतिले प्रस्ट पारेको हो ।

त्यसपछि देशमा राजनीतिक स्थिरता, शान्ति र विकासको नाममा कसरी राजतन्त्रात्मक सामन्ती अधिनायकवादी प्रतिगामी व्यवस्था करिब ३ दशकसम्म निरन्तर कायम रह्यो भन्ने कुरा पनि जग जाहेर नै छ । त्यसविरुद्ध सुरुदेखि नै आवाज उठाउने र त्यसविरुद्ध रहेका राजनीतिक शक्तिहरूलाई एकजुट पार्न कम्युनिस्ट पार्टीका संस्थापक नेता कमरेड पुष्पलालले गरेका एकपछि अर्को आह्वानलाई उपेक्षा गरिँदा त्यति लामो समयसम्म 'तलैदेखि उठेको पञ्चायती प्रजातन्त्र'को नाममा राजाको प्रत्यक्ष नेतृत्वमा सामन्ती शाही व्यवस्था चल्यो, त्यो पनि सबैले देखे भोगेकै कुरा हो ।

पञ्चायती प्रजातन्त्रले सबै पार्टीहरूमाथि प्रतिबन्ध लगायो, नेताहरूलाई जेलमा कोच्यो र सयौंको हत्या गर्‍यो, हजारौंलाई भूमिगत बस्न र प्रवासी हुन बाध्य तुल्यायो । त्यसबाट त्राण पाउन नेपाली जनताले ३ दशकसम्म संघर्ष गर्नुपर्‍यो । अन्ततः २०४६ सालमा उठेको निर्णायक संयुक्त जनआन्दोलनले पञ्चायत ढल्यो । नेपाली जनताले दोस्रो पटक मुक्ति पाएको क्षणिक अनुभव गरे । तर, त्यो अनुभूति निराशामा फेरिन फेरि पनि धेरै समय लागेन ।

विशेषगरी राजनीतिक नेतृत्वमा पलाएको पुरानै सामन्तवादी विकृति, विसंगति, ऐस, आराम, वैभव र विलासिताको राजनीतिले गर्दा महल, पजेरोलगायत अनेक विसंगतिहरू दोस्रो बहुदलीय कालखण्डमा अझ बढी देखापरे ।

क्रान्तिलाई अधुरो र अपूरो रूपमा छाड्दा कसरी प्रतिगामी र प्रतिक्रियावादी शक्ति क्रान्तिपछि हाबी हुँदो रहेछ भन्ने कुरा २००७ सालदेखि २०१७ सालसम्मको राजनीतिक इतिहासका घटनाक्रमले प्रस्ट पारेको छ...



विश्व राजनीतिमा शीतयुद्धकालीन युगका कारण नेपालमा राज्य स्तरमा 'शाही पकेटमनी'कै रूपमा भए पनि स्थापित हुन सकेका उद्योगधन्दाहरूलाई तहस-नहस पार्ने काम यही कालखण्डमा भयो ।

नवउदारवाद नामको साम्राज्यवादी उदारीकरणको गलत बाटोमा मुलुकलाई धकेलियो । पञ्चायती व्यवस्थामा हुने गरेका शोषण, उत्पीडन, भ्रष्टाचार, महँगी सबै कुरा बहुदलीय व्यवस्थामा पनि विरासतका रूपमा अझ विकराल रूपमा सरेर आए । पात्र बदलिए पनि प्रवृत्ति पटक्कै बदलिएन । सत्ताको चरम लुछाचुँडी त्यस राजनीतिक कालखण्डको पनि मूल प्रवृत्ति बन्न पुग्यो ।

सबै खालका गलत प्रवृत्ति र राजनीतिक प्रणालीबाट निःशर्त कमजोरीका कारणले समेत पुनर्स्थापित बहुदलीय व्यवस्थाले पनि सही किसिमले काम गर्न सकेन । यसका विरुद्ध एकातिर व्यापक जनअसन्तुष्टि बढ्दै गयो भने अर्कातिर यसको उपचार सशस्त्र संघर्ष हो भन्ने नेकपा (माओवादी) सशस्त्र युद्धमा होमियो । तर, न पुरानो राज्य सत्ताले जित्न सक्ने स्थिति रह्यो, न त माओवादीले भनेजस्तो नयाँ जनवादी गणतन्त्र नै स्थापना हुन सक्यो ।

उल्टै संवैधानिक भनिएको राजतन्त्र त्यस स्थितिलाई आफ्नो स्वार्थअनुकूल उपयोग गर्न अग्रसर भयो । पुनः राजनीतिक दलहरूमाथि अर्धप्रतिबन्धको अवस्थातिर धकेल्दै कागजी रूपमा संवैधानिक भनिएको राजतन्त्रले एकलौटी शासन चलाउने दुःस्वप्न देख्न थाल्यो । त्यसका विरुद्ध संयुक्त रूपमा खडा हुन बाध्य भएका ७ दल र माओवादीले १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्तिमा परिणत गर्न र निरंकुश राजतन्त्रको अन्त्य गर्न परस्परमा १२ बुँदे दिल्ली सम्झौता गरे ।

तत्कालीन समय सशस्त्र संघर्ष गरिरहेको माओवादी र शान्तिपूर्ण आन्दोलनमा लागिरहेका ७ दलले शान्तिपूर्ण आन्दोलनमा लाग्न नेपाली जनतालाई संयुक्त आह्वान गरेपछि उठेको व्यापक ऐतिहासिक संयुक्त जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रात्मक लोकतन्त्रको स्थापना गर्‍यो । यही नै अहिलेसम्मको आन्दोलनको ठूलो उपलब्धि मानियो ।

यी उपलब्धिहरूलाई सही किसिमले रक्षा गर्दै अग्रगामी बाटोमा दृढतापूर्वक अघि सर्नु राष्ट्रिय आवश्यकता र दायित्व बनेको कुरा गरियो । तर, जनआन्दोलनका सहयात्रीहरूको सुझबुझहीनता, संकीर्ण स्वार्थ, बाह्य शक्तिहरूको दबाब र प्रभावमा पर्ने गलत प्रवृत्ति अनि घोर अवसरवादिता तथा मूल्यहीन राजनीतिले गर्दा आज यी महत्त्वपूर्ण उपलब्धिहरू गुम्ने या कमजोर भएर जाने स्थिति व्याप्त हुँदै गएको छ ।

२८ चैत २०६४ मा सम्पन्न पहिलो ऐतिहासिक संविधानसभा आफ्नो दूरगामी राष्ट्रिय दायित्व पूरा नगरी बेवारिसे रूपमा भंग भयो । त्यसपछिको अन्योल र अराजक माहोललाई चिर्न जुन लोकतान्त्रिक मूल्य, मान्यता र पद्धतिगत बाटो लिनुपर्थ्यो, त्यसो नगरेर अन्तरिम संविधानको समेत मर्म र भावनाविपरीत त्यसका २५ बुँदा संशोधन गरी शक्ति पृथकीकरणको विश्व मान्य सिद्धान्तविपरीत दलीय व्यवस्थामा प्रधानन्यायाधीशको नेतृत्वमा निर्दलीय सरकार गठन गरेर विवादास्पद दोस्रो संविधानसभाको निर्वाचन गराइयो ।

त्यसले एकातिर चुनावलाई रहस्यमय र खर्चिलो बनायो भने अर्कातिर त्यसको परिणामस्वरूप बनेको संविधानसभाले पनि व्यापक जनता र राष्ट्रको हितमा संविधान दिन नसकेको गुनासो अहिले पनि व्याप्त छ । संविधान घोषणा गरेर तुरुन्तै संशोधन गरिनुले पनि यो असन्तुष्टिको पुष्टि गर्छ । यसरी राजनीति अहिले पनि तरल र अनिश्चित नै रहिरहेको छ ।

संविधानको कार्यान्वयन अत्यन्तै चुनौतीपूर्ण छ भनेर त यसको घोषणा गर्ने सत्ताधारी र प्रमुख प्रतिपक्षी दलहरू नै भनिरहेका छन् । त्यसैले ७ दशक कुरेर संविधानसभाबाट संविधान आउँदासमेत त्यसलाई व्यापक नेपाली जनताको महत्त्व र अपनत्वको संविधान बनाउन नसकेको कुरा जग जाहेर नै छ । विकसित भएको यस्तो स्थिति र व्यापक विकृतिको डंगुरभित्र चले/चलाइएको वर्तमान गलत राजनीतिले गर्दा आउँदा दिनको नेपाली राजनीतिले के-कस्तो राजनीतिक मोड लिने हो, यकिनतः कसैले भन्न सक्ने स्थिति अझै पनि बन्न सकेको छैन ।

२००७ सालको क्रान्तिले जुन कुराको निरूपण गर्नुपर्ने थियो, त्यो हुन सकेन । विभिन्न शृंखलाका भएका आन्दोलनहरूले पनि ती मुद्दालाई पूरा गर्न सकेनन् । गणतन्त्रात्मक लोकतन्त्र, धर्मनिरपेक्षता, समावेशिता तथा समानुपातिकता जस्ता कुराहरूलाई निकै हलुका रूपमा मात्र लिइएको पाइन्छ ।

तर, आधुनिक लोकतन्त्रलाई सार्थक रूपमा बुझ्ने-बुझाउने हो भने यी महत्त्वपूर्ण कुराहरूलाई सही ढंगले सही परिप्रेक्ष्यमा अंगीकार गर्दै अझ उन्नत र अग्रगामी दिशामा अग्रसर हुनुको कुनै विकल्प छैन ।

## इतिहासमा आज

२३ फेब्रुअरी १९०५ मा विश्वको पहिलो सेवा क्लब 'रोटरी क्लब' शिकागोमा पल पी. ह्यारिसद्वारा स्थापना गरिएको थियो ।




२३ फेब्रुअरी १९४५ मा फिलिपिन्सको राजधानी मनिलालाई संयुक्त फिलिपिनी र अमेरिकी सेनाद्वारा मुक्त गरिएको थियो ।



२३ फेब्रुअरी १९४५ मा दोस्रो विश्वयुद्धको समयमा संयुक्त राज्य अमेरिकाका मरिनहरूको एक समूह टापुको माउन्ट सुरिबाचीको चुचुरोमा पुगेको थियो र अमेरिकी झण्डा फहराउँदै फोटो खिचाएको थियो ।



२३ फेब्रुअरी १९५४ मा बच्चाहरूलाई पोलियोविरुद्धको पहिलो सामूहिक खोपको सुरुवात गरिएको थियो ।



# कृषिमा कसरी आत्मनिर्भर हुने ?

विचार



● शिव विक 'मिलन'

नेपाल कृषिमा आत्मनिर्भर हुनका लागि नीति, प्रविधि, बजार, युवा सहभागिता, सहकारी प्रणाली, पूर्वाधार विकास, ऊर्जा प्रविधि, अनुसन्धान, जैविक कृषि र खाद्य सुरक्षामा ध्यान दिनुपर्छ । सही रणनीति अपनाउन सके नेपाललाई कृषिमा आत्मनिर्भर बनाउन सम्भव छ, जसले दीर्घकालीन रूपमा देशको समग्र विकासमा योगदान दिने छ...

नेपाल कृषिप्रधान देश हो, जहाँ जनसंख्याको ठूलो हिस्सा कृषि पेसामा संलग्न छ । तर, आधुनिक समयमा नेपाल कृषि उत्पादनमा आत्मनिर्भर बन्न सकिरहेको छैन । खाद्यान्न, फलफूल, तरकारी, दूध, मासुजस्ता धेरै कृषि सामग्रीहरू विदेशबाट आयात गर्नुपरेको छ ।

कृषिमा आत्मनिर्भरता प्राप्त गर्नु भनेको देशको अर्थतन्त्र बलियो बनाउनु मात्र होइन, रोजगारी सिर्जना गर्नु, खाद्य सुरक्षालाई मजबुत पार्नु र आत्मनिर्भर समाज निर्माण गर्नु पनि हो ।

नेपाल कृषिमा आत्मनिर्भर हुनका लागि कृषि प्रणालीको आधुनिकीकरण, वैज्ञानिक खेती, प्रविधिको प्रयोग, भूमि सुधार, सरकारी नीतिगत सुधार, युवाको संलग्नता, सहकारी प्रणालीको विस्तार र व्यावसायिक कृषिलाई प्रवर्द्धन गर्न आवश्यक छ ।

पहिलो चरणमा उत्पादन वृद्धि गर्न आधुनिक प्रविधि अनिवार्य छ । परम्परागत खेती पद्धतिमा निर्भर रहँदा उत्पादन कम हुन्छ, श्रम बढी लाग्छ र लागत बढ्छ । त्यसैले आधुनिक यन्त्रहरू जस्तै ट्र्याक्टर, थ्रेसर, ड्रिप इरिगेसन, ग्रीन हाउस प्रविधि, मल्टी-क्रपिङ प्रणाली, बायोटेक्नोलोजी र अर्गानिक मलको प्रयोग गर्नुपर्छ ।

माटोको गुणस्तर सुधार कृषि आत्मनिर्भरतातर्फको अर्को महत्वपूर्ण पक्ष हो । नेपालका धेरै खेतीयोग्य जमिनले उर्वराशक्ति गुमाउँदै गएको छ । अत्यधिक रासायनिक मल प्रयोगले माटो बिग्रिएको छ । त्यसैले माटो परीक्षण गरेर उपयुक्त मलको प्रयोग गर्नु, कम्पोस्ट मलको प्रवर्द्धन गर्नु र फसल चक्र परिवर्तन गर्दै भूमिको उर्वराशक्ति जोगाउनु आवश्यक छ ।

सिँचाइ पनि उत्पादन वृद्धिको मुख्य कारक हो । नेपालमा जलस्रोत प्रशस्त भए पनि यसको उचित व्यवस्थापन नहुँदा किसानहरूले बर्खाको पानीमै भर पर्नुपर्छ । सिँचाइको उचित व्यवस्थापन गर्न साना र ठूला सिँचाइ योजनाहरू विकास गर्नु, प्रविधि प्रयोग गरेर पानी संरक्षण गर्नु र अकासे पानी संकलन प्रविधि प्रयोग गर्न सकिन्छ ।

बजार व्यवस्थापन र कृषि उत्पादनको मूल्य निर्धारण पनि महत्त्वपूर्ण पक्ष हो । नेपालमा उत्पादन भएको कृषि सामग्रीले उचित बजार नपाउँदा किसानहरू मारमा पर्छन् । उत्पादक र उपभोक्ताबीच बिचौलिया हावी हुँदा किसानले उचित मूल्य पाउँदैनन् । त्यसैले कृषि उपजलाई भण्डारण गर्ने कोल्ड स्टोरेज प्रणालीको विकास, सहकारीहरूको संजाल, अनलाइन बजार र राज्यस्तरबाट मूल्य निर्धारण प्रणाली लागू गर्नुपर्छ ।

सरकारी नीति सुधार नगरेसम्म कृषिमा आत्मनिर्भरता हासिल गर्न गाह्रो छ । सरकारले किसानलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउनु, अनुदान प्रणाली प्रभावकारी बनाउनुपर्छ । नीति निर्माणमा किसानको प्रत्यक्ष सहभागिता आवश्यक छ । यस्तै, कृषिजन्य सामग्रीको निर्यात बढाउने नीति अवलम्बन गर्दा कृषिमा आत्मनिर्भरता प्राप्त गर्न सकिन्छ ।

युवालाई कृषिमा आकर्षित गर्नु अर्को चुनौतीपूर्ण काम हो । हालका युवाहरू कृषिप्रति उत्साहित छैनन् किनकि यो परिश्रमसाध्य देखिन्छ । तर, आधुनिक प्रविधिको प्रयोग गरेर कृषिलाई आकर्षक बनाउन सकिन्छ । व्यावसायिक कृषि, कृषि स्टार्टअपहरू र कृषि पर्यटनको अवधारणा ल्याएर युवाहरूलाई कृषितर्फ मोड्न सकिन्छ ।

सहकारी प्रणालीलाई सशक्त बनाउनु पनि महत्त्वपूर्ण छ । कृषिमा संलग्न किसानहरू सानातिना भू-भागमा व्यक्तिगत रूपमा खेती गर्दा उत्पादन लागत बढी र आम्दानी कम हुन्छ । सहकारी प्रणालीबाट सामूहिक खेती गर्दा लागत कम, उत्पादन वृद्धि र बजार व्यवस्थापनमा सहजता हुन्छ ।

बिजुली आपूर्ति र ऊर्जा प्रविधि सुधार पनि कृषि आत्मनिर्भरता प्राप्त गर्न अनिवार्य छ । नेपालमा जलविद्युत् उत्पादनको अपार सम्भावना छ तर कृषि क्षेत्रमा ऊर्जाको प्रयोजन न्यून छ । विद्युतीय प्रविधि प्रयोग गरेर कृषि यान्त्रीकरण गर्न सके उत्पादन लागत घट्छ र उत्पादकत्व बढ्छ ।

नेपालले कृषिमा आत्मनिर्भरता हासिल गर्न जैविक कृषि प्रणालीलाई पनि अपनाउनु जरुरी छ । अत्यधिक रासायनिक प्रयोगले माटोको उर्वराशक्ति नष्ट गर्नुका साथै स्वास्थ्यमा पनि असर पार्छ । नेपालमा जैविक खेतीको ठूलो सम्भावना छ, जसलाई प्रवर्द्धन गरे कृषि उत्पादन गुणस्तरीय बनाउन सकिन्छ ।

कृषि अनुसन्धान र प्रविधिको विकास पनि आत्मनिर्भरतातर्फको बलियो आधार हो । नेपालमा जलवायु परिवर्तनको असर कृषि क्षेत्रमा बढ्दो छ । नयाँ प्रजातिका बिउ, मौसमअनुकूल खेती प्रविधि, रोग नियन्त्रण प्रणाली जस्ता विषयमा अनुसन्धान आवश्यक छ । सरकारले अनुसन्धानमा लगानी बढाउनु आवश्यक छ ।

ग्रामीण पूर्वाधार सुधार पनि कृषि आत्मनिर्भरताको अर्को मुख्य आधार हो । धेरै किसानहरूले सडक संजालको अभावमा उत्पादन भएको सामग्री समयमा बजार पुर्‍याउन सक्दैनन् । यातायात, संचार, सिँचाइ र ऊर्जा पूर्वाधारको विकासले कृषिमा आत्मनिर्भरता सम्भव बनाउँछ ।

सरकारले खाद्य सुरक्षा नीति प्रभावकारी बनाउनुपर्छ । नेपाल कृषिमा आत्मनिर्भर नभएसम्म खाद्य सुरक्षामा निर्भर हुनुपर्ने हुन्छ । उत्पादन बढाउने मात्र होइन, खाद्य भण्डारण क्षमता सुधार, पोषणयुक्त उत्पादन प्रवर्द्धन र ग्रामीण भेगका किसानलाई विशेष सहायता प्रदान गर्नुपर्छ ।

समग्रमा, नेपाल कृषिमा आत्मनिर्भर हुनका लागि नीति, प्रविधि, बजार, युवा सहभागिता, सहकारी प्रणाली, पूर्वाधार विकास, ऊर्जा प्रविधि, अनुसन्धान, जैविक कृषि र खाद्य सुरक्षामा ध्यान दिनुपर्छ । सही रणनीति अपनाउन सके नेपाललाई कृषिमा आत्मनिर्भर बनाउनु सम्भव छ, जसले दीर्घकालीन रूपमा देशको समग्र विकासमा योगदान दिने छ ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

एक राजा, एक परिवार सार्वभौम, एक घर दरबार हुनु 'राजतन्त्र' हो । सय राजा, नेता सार्वभौम, तिनका घर दरबार हुनु 'दलतन्त्र' हो । सबै नागरिक राजा, सबै सार्वभौम, सबैको घर दरबार हुनुपर्छ भन्नु लोकतन्त्र हो । राजतन्त्र थियो, दलतन्त्र छ, अब नागरिकतन्त्र ल्याऊँ भन्दा किन गाली गर्न आएका होलान् ? नबुझिने क्या !



हरि रोका

'अनुदानमा धोखाघडी (फ्रड)' ट्रम्पले भनेछन् । सबुत नेपाली वित्तीय संघीयतालाई २० मिलियन डलर उल्लेख भएछ । वित्तीय संघीयताको पहिलो ड्राफ्ट तयार पार्ने १-२ जना कसरती ज्यामीमध्ये पंक्तिकार पनि मनोनीत सदस्यको हैसियतमा थिएँ । रकम आएको कतै गन्धसमेत नछरी अनुदान क-कस्ले कसरी बाटामै चप्काएछन्, छानबिन होस् ।



प्रेमकान्त अधिकारी

अधिकार हक भोगको कुरा हो, उपयोग, प्रयोग गर्नुपर्छ, गर्न पाउनुपर्छ तर सत्ता र शक्तिलाई दुरुपयोग हुनेगरी चाहिँ सचेत हुनु नै पर्छ । संविधानबमोजिम अंकगणितीय हिसाबकिताब देखाएर मात्र त समन्वय सामञ्जस्य कायम गर्न गाह्रो पर्छ होला, राज्य संचालनमा सबैसँग सहृदय सौहार्दता होस् ।



सरोज कोइराला

राजा पनि यो सार्वभौम देशका स्वतन्त्र नागरिक हुन् । देशलाई माया गर्ने, देशको चिन्ता गर्ने उनको नैसर्गिक अधिकार हो । राजाको अभिव्यक्तिमा यति सारो अत्तालिनुपर्ने के छ त्यस्तो ? राजा बोल्छन्, यिनीहरूको अथि पोल्छ । अगुल्टोले हानेका कुकुरहरू हुन्, त्यसैले बिजुली चम्क्यो कि तर्सिहाल्छन् बिचरा !

# भूमिसम्बन्धी अध्यादेश जनताको हितमा छैन : उपेन्द्र यादव

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १० फागुन




जनता समाजवादी पार्टी(जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले राजनीतिक स्थिरता नभएसम्म देशमा समृद्धि नआउने बताए ।

शुक्रबार मधेश प्रदेश समन्वय परिषद् कतार तथा मधेसका करिब ३२ वटा संघ संस्थाहरूले संयुक्त रूपमा आयोजना गरेको परिषद्को चौथो स्थापना दिवस तथा होली महोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै उनले देशमा न्यायलय स्वतन्त्र नहुँदा समृद्धिमा असर पर्ने धारणा राखे ।

कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका पूर्वउपप्रधानमन्त्री यादवले सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेश जनताको हितमा नरहेको दाबी गरे ।

तराई मधेशमा रहेका ऐलानी, पर्ती, गुठीका जमिनहरू सरकारमा रहेका पार्टीका कार्यकर्ताको कब्जामा जाने सम्भावना उच्च भएकाले अध्यादेश जनताको हितमा नरहेको स्पष्ट पारे ।

यादवले नेपालको कर्मचारीतन्त्र अनुशासित हुनुपर्ने आवश्यकता औंल्याउँदै विश्वमा आफू थुप्रै देश पुगे पनि नेपालजस्तो सुन्दर देश अरू नभएको धारणा राखे । प्राकृतिक सम्पत्तिको सही सदुपयोग गर्न सकेमा नेपाल विश्वमा नमुना बन्ने उनको धारणा थियो ।

कतारमा रहेका सीमित संस्थाका प्रतिनिधि तथा प्रमुखहरू पुगेको उक्त कार्यक्रममा बोल्ने वक्ताहरूले ५१ प्रतिशत जनता एक ठाउँमा उभिन सक्ने हो भने तराइ-मधेशका अधिकार सहजै प्राप्त हुने बताए । तराईमा गरिब चेलीबेटीको बलात्कार हुँदा पनि भित्रभित्र डर देखाएर थामथुम पार्ने, कानुनी उपचार खोज्न जाँदा पनि असहयोग हुने गरेको वक्ताहरूको गुनासो थियो ।

वक्ताहरूले यादवमार्फत कानुन सबैका लागि बराबर हुनुपर्ने माग राख्दै विधिका शासनको न्यूनतम प्रयोग पनि नभएको हुँदा कानुनमा सबै नेपाली बराबर हैसियतको भएको हुँदा धनी र गरिबका बीचमा हुने कानुनी दाउपेच चिर्न सुझाव दिएका थिए ।

कार्यक्रममा कतारमा रहेका हजारौं मधेशी दाजुभाइहरूको उत्साहजनक सहभागिता रहेको थियो । कार्यक्रममा अन्तर्राष्ट्रिय मैथिली कला परिषद्का कलाकारहरूले होलीका परम्परागत गीत, जोगिरा तथा अन्य थुप्रै सांगीतिक प्रस्तुति दिएका थिए ।

परिषद्का सल्लाहकार प्रकाश आले मगरले स्वागत मन्तव्य राखेको कार्यक्रमको समापन गर्दै परिषद्का अध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष मोहमद नियाज सेखले आपसी मेलमिलाप सद्भावनाको सन्देश लिई मनाउँदै गरेको होली तथा आउँदै गरेको रमादानको शुभकामना ज्ञापन गरे ।

उनले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गर्दै आफूले मधेश प्रदेशको हितमा रहेर काम गरेको र गरिरहने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रमलाई तेजिलाल मण्डल र चन्द्रवीर यादवले मिलेर सहजीकरण गरेका थिए ।

# रिंकु सदाय घटनाको निष्पक्ष छानबिनको माग

मनु यादव निरज/मध्यान्ह
सिरहा, १० फागुन



सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतिपुरमा १७ वर्षीया किशोरी रिंकु सदायको बलात्कारपछि हत्या भएको घटनाको निष्पक्ष छानबिन गर्न जसपा नेपालले गम्भीर ध्यानाकर्षण गराएको छ ।

किशोरीमाथि गाउँकै तीन जना युवकले सामूहिक बलात्कारपछि हत्या गरेको आरोप लागेको छ ।

घटनालाई स्थानीय स्तरमै दबाउन पंचायतीको माध्यमबाट कुप्रयास गरिएको बताइएको छ । अन्ततः किशोरीको हत्या भएपछि घटना बाहिरिएको हो ।

जनता समाजवादी पार्टी, नेपाल (मधेश प्रदेश समिति) का अध्यक्ष बालकिशोर प्रसाद यादवले विज्ञप्ति जारी गर्दै अपराधीलाई उन्मुक्ति दिन खोज्ने जो-कोहीलाई कानुनी दायरामा ल्याउन माग गरेका छन् ।

'यस्तो जघन्य अपराध हुँदा पनि प्रहरी-प्रशासन मौन बस्नु अत्यन्तै दुखद छ । बलात्कारीहरूलाई जोगाउने पंचहरू उपर जाहेरी दर्ता भए पनि अपराधीहरू अझै पक्राउ परेका छैनन्, जसले प्रहरीको उदासिनता देखाउँछ,' विज्ञप्तिमा भनिएको छ ।

घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कडा कारबाही गर्नुपर्ने माग गर्दै जसपाले कानुनी शासनको प्रत्याभूति गराउन सम्बन्धित सबै सरोकारवालाहरूलाई आग्रह गरेको छ ।


## Government of Sudurpashchim Province
## Ministry of Physical Infrastructure Development
## Water Supply and Sanitation Division Office
Kailali

### INVITATION FOR BID (IFB)

**(First date of publication: Feb. 23, 2025 (2081 Falgun 11))**

1. Water Supply and Sanitation Division Office, Kailali invites open competitive bidding from eligible bidders for the procurement of the following Works under National Competitive Bidding (NCB):

| S. N. | Contract ID | Description | Estimated Amount (exclusive of VAT & PS) (NRs.) | Price of Bid Document (NRs.) | Bid Validity/ Bid Bond Validity | Bid Security/ Bid Bond (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | WSSDO/ KAILALI/NCB/ WORKS/10/2081-82 | Supply and Installation of Complete Solar System for Various Water Supply Projects. | 1,79,78,573 | 3000 | 90/120 days | 5,00,000 |

2. Bidders can only apply bid electronically through PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Division Chief**

## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/११/११**

यस कार्यालयको मिति २०८१/०९/२१ को जस्तापाता खरीद तथा आपुर्ति सम्बन्धी ठेक्काको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | RRM/NCB/ Goods/ 10/2081-082 | ०.४० मी.मी. को हरियो जस्ता पाता (लम्बाई ९ फीटको) खरीद तथा सप्लाई गर्ने कार्य (रौतामाई गा.पा., भुट्टार, उदयपुरसम्म) | Sahewal Trading Pvt.Ltd., Bhadrapur-8, Jhapa, Itahari-6 , Sunsari | रु.४७,९८,१११।६४ |

**प्रमुख प्रशासकीय अधिकृत**

## नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
**सडक डिभिजन, सुर्खेत**

### प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशित मिति:** २०८१/११/११

यस सडक डिभिजनबाट मिति २०८१/०९/०७ गतेको "**मिसन टुडे**" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित **सूचना नं ५-०८१/८२** तथा **www.bolpatra.gov.np/egp** मार्फत आह्वान गरिएको ठेक्काको लागि म्याद भित्र दर्ता भएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्तावहरु मूल्यांङ्कन गर्दा तपसिल अनुसारका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भई योग्यताको आधारमा सफल भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को (४) र (५) अनुसार आर्थिक प्रस्ताव **मिति २०८१/११/१८ गते दिनको** १.०० बजे यस कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | प्राविधिक प्रस्ताव मूल्यांकनबाट सफल बोलपत्रदाताहरु |
|---|---|---|
| 1. | SRCTIP-DOR-WPM-RDSRK-NCB-39 | 1 M/S Khadka - K.S.K - Shishir & Basanta JV, Birendranagar-6, Surkhet |
| | | 2 M/S FEWA/ SHREE CREATIVE/PL JV, Pokhara |
| | | 3 M/S BBNS/ SBNS JV, Battisputali, Kathmandu |
| | | 4 M/S Kharidhunga /G & G/Scitech JV, Suryabinayak Municipality-08, Bhaktpur |

**डिभिजन प्रमुख**

## Invitation for Bids
### Public Entity
## Division Forest Office, Dadeldhura

### Invitation for Bids No.: DFO/DDL/NCB/W/Building/2081-82

**Date of publication: 23-02-2025 00:00**

1. Division Forest Office, Dadeldhura invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction of Prefab Training Hall with Toilet at Division Forest Office Dadeldhura under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 25,65,354.61 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Division Forest Office, Dadeldhura, Amargadhi, Dadeldhura, SudoorPachism Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : RastriyaBanijya Bank Ltd.**
   **Name of Office : Division Forest Office, Dadeldhura**
   **Office Code no : 3070275017**
   **Office Account no : 1000100200010000**
   **Rajaswa (revenue) Shirshak no. : 14229**
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office Division Forest Office, Dadeldhura, Amargadhi, Dadeldhura, SudoorPachism Province, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 26-03-2025 12:00. Bids received after this deadline will be rejected.
   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-03-2025 14:00 at the office of Division Forest Office, Dadeldhura, Amargadhi, Dadeldhura, SudoorPachism Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 75000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall beconsidered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

## Navrajpur Rural Municipality
## Office of Rural Municipal Executive
### Navrajpur, Siraha, Madhesh Province

### Invitation for Online Bids

**Date of second Publication:2081-11-11 (23, Feb 2025)**

Navrajpur Rural Municipality, Office of Rural Municipal Executive, Navrajpur, Siraha invites electronic bids from Nepalese eligible bidders for following:

| S. N. | Contract Identification No. | Description and location of wok | Estimated Amount (Exclusive of VAT and Contingency) | Bid Document Purchase fee | Bid Security |
|---|---|---|---|---|---|
| 1 | NRM/NCB/ WORKS /2081/82-05 | Gamhariya Sima dekhi Geruwaha Tole hudai Maheshbari Sima samma Sadak Staronnati Karya,ward no. 1 | 21,57,097.50 | 3,000 | 54,000.00 |

Bidder has to submit their bid electronically & download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (non refundable fee of NRs 3000, Rajaswa Sirsak No. 14229) for individual bidding document purchase in the Project's account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: NMB Bank, Nawarajpur

Name of Office: Navrajpur Rural Municipality ,Office of Rural Municipal Executive

AantarikRajaswaKhata A/C No.:- 1110085099400101(For purchasing fee of bid doc.)

SthaniyaTahaDharauti Khata A/C No: 1110085099400255(For Bid Security)

Office Code: 801021612

Only electronic bids must be submitted to the Office of Rural Municipal Executive, Navrajpur, Siraha through PPMO's website:www.bolpatra.gov.np/egp on or before 2081/11/26 (10, March, 2025) 12:00 noon. For further details,bidders are requested to visit Office of Rural Municipal Executive, Navrajpur, Siraha or PPMO's website: www.bolpatra.gov.np/egp.

Please notice that ammendments (if any)will be published only in http://bolpatra.gov.np/egp .

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
११ फागुन २०८१ आइतबार
23 February 2025, Sunday

# राधिकाको आत्मकथा 'करुणा' कुनै बनावटी छैन: प्रधानमन्त्री




**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले प्रथम महिला राधिका शाक्यद्वारा लिखित आत्मकथा 'करुणा' सत्य लिखतमा आधारित पुस्तक भएको बताएका छन् । पाणिनि बुक्सद्वारा प्रकाशित सो पुस्तक लोकार्पण कार्यक्रममा प्रधानमन्त्री ओलीले आफू पनि एक साक्षी भएकाले उक्त पुस्तक कुनै उपन्यास वा कथा नभएको र यसमा कुनै बनावटी कुराहरु नभएको बताए । 'हुन त आफ्नै श्रीमतीको प्रशंसा गऱ्यो भन्ने पर्ला तर म कुरा ढुक्कका साथ भन्न सक्छु, यो पुस्तक २४ क्यारेटको छ । यसको सत्यताका कसैले चुनौती दिन सक्दैन ।'

प्रधानमन्त्री ओलीले भने, 'मेरो हुतीले बालकोटमा हाम्रो घर बन्न सक्ने पनि थिएन । त्यो सबै राधिकाको कमाइ र मेहनत हो । त्यो घर पनि ट्रष्टका नाममा दान गरिसकिएको छ । मेरो त सानो हुँदा आफूले खनजोत गर्ने गरेको झापाको खेत पनि बाढी पहिरोले बगाइसकेको छ । राधिका नहुने हो भने म अहिलेसम्म यसरी बाँच्न सक्ने थिइनँ ।'

प्रधानमन्त्री ओलीले आफ्नो एक मानोको बन्दोबस्त मात्रै भएको, देश र जनताको अधिकारका लागि ज्यानको पर्वाह नगरी हिँडेको आफू जस्तो मान्छेका बारेमा आर्थिक विषयमा अनेक अफबाह फैलाइएको टिप्पणी गर्दै मुलुकमा लोकतान्त्रिक गणतन्त्रको प्राप्तिलाई आफूले सफलता मानेको बताए ।

'जेलबाट चप्पल लगाएर निस्किएको एउटा कैदी प्रधानमन्त्री भयो भनेर होच्याउनेहरु पनि छन् । सायद तिनीहरु श्रीपेच लगाएका मान्छेले आफूलाई रैती बनाएको देख्न चाहन्छन् । जनताको छोरो प्रधानमन्त्री भएको देख्न चाहँदैनन् ।',

नेकपा (एमाले) का अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले भने, 'मलाई धेरैले माया र साथ दिन्छन् । मैले लोभ गर्ने हो भने साथीहरुले घर सम्पति जोड्न सहयोग गर्छन् तर मलाई कुनै लोभ छैन । मसँग जे छ, त्यो देश, पार्टी र राज्यको सम्पति हो ।'

लेखक तथा प्रथम महिला शाक्यले पनि प्रधानमन्त्री ओली जस्तो देशका लागि रातभरसमेत सक्रिय खट्ने मान्छेका बारेमा अनेक अफबाह र नकारात्मक टिप्पणी गरिएकामा दुःख लाग्ने बताउँदै होच्याउन पाइयो भन्दैमा असत्य हिसाबले होच्याउन नहुने धारणा राखिन् । आफूले नेपाल राष्ट्र बैंकमा ३३ वर्ष जागिर खाएर बालकोटमा घर जोडेको र अहिले पनि पेन्सनबाट खर्च चलाएको स्मरण गराउँदै उनले बालकोटको घरलाई दरबार भनेर प्रचार गर्नेहरुसँग दुःखेसो पोखिन् । 'हाम्रो जीवनशैली समान्य नै हो । दुःखी, गरिब र असहायहरुलाई सहयोग गर्न पाउँदा खुसी लाग्छ । जीवनको एक एक हिसाब बुझाउन म तयार छु । बालकोटको घर हाम्रो पसिना र मेहनताबाट बनाइएको हो ।', प्रथम महिला शाक्यले भनिन्, 'सम्पूर्ण नेपालीले सहजरुपमा लाउन र खान पाउनुपर्छ भन्ने हिसाबले हामी लागिरहेका छौँ ।'

कार्यक्रममा पुस्तकमाथि टिप्पणी गर्दै वक्ताहरुले प्रधानमन्त्री र प्रथम महिलाका जीवनका आरोह अवरोहमा आधारित पुस्तकले जस्तो सुकै दुःख र कष्टमा पनि आशाको दियो बाल्न सकिन्छ भन्ने सन्देश दिने बताएका थिए ।

नेकपा (एमाले)का उपमहासचिव एवं साहित्यकार प्रदीपकुमार ज्ञवालीले प्रतिकूलतामा पनि बाँच्नका लागि पुस्तकले प्रेरणा दिने धारणा राखे ।

गायिका आनी छोइङ डोल्माले राधिका शाक्यको लेखन र व्यवहार दुवै करुणामय पाइएको अनुभव व्यक्त गरिन् । लेखक अमर न्यौपानेले पुस्तकबाट प्रधानमन्त्री ओलीको आत्मविश्वास र दृढ इच्छाशक्ति तथा त्यो प्राप्तिमा राधिका शाक्यको योगदानलाई बुझ्न सकिने बताए । कार्यक्रममा प्रधानमन्त्री ओली र प्रथम महिला शाक्यको ३७ औँ विवाह उत्सवमा अवसरमा आयोजकबाट उनीहरुलाई सम्मान गरिएको थियो ।

# मुस्ताङमा सिसा, धातु र प्लास्टिकजन्य फोहर व्यवस्थापन अभियान



**म्याग्दी/मस**–मुस्ताङमा नकुहिने सिसा, धातु र प्लास्टिकजन्य फोहर व्यवस्थापन अभियान सञ्चालन भएको छ । स्थानीय तह, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), आमा समूह र युवा क्लबहरूले प्रदूषण न्यूनीकरण गर्न प्लास्टिक, धातु र सिसाजन्य फोहर व्यवस्थापनमा जुटेका हुन् ।

एक्याप जोमसोमका प्रमुख प्रमोदराज रेग्मीले पदमार्ग र बस्तीमा नकुहिने फोहर संकलन गरेर पोखरा पठाउने व्यवस्था मिलाएको जानकारी दिए ।

'हिमाली भूगोल भएको मुस्ताङमा प्लास्टिक र सिसाजन्य फोहरका कारण प्रदूषण बढ्न थालेको, मानिस, घरपालुवा जनावर र वन्यजन्तुको स्वास्थ्यमा असर पर्ने देखिएकाले व्यवस्थापन अभियान चलाएको हो', उनले भने 'टोल र वडा स्तरमा सिसा र प्लास्टिकजन्य फोहर राख्ने ठाउँ बनाइएको छ ।'

संकलन हुने फोहरलाई एक्यापले गाडीमा ढुवानी गरेर पोखरा पुनःप्रशोधन केन्द्रमा पठाउने व्यवस्था मिलाएको रेग्मीले बताए । मुस्ताङको नकुहिने फोहर व्यवस्थापनका लागि पोखराको ग्रिन रोड वेष्ट म्यानेजमेन्ट प्रालिसँग सम्झौता भएको छ । ग्रिन वेष्ट म्यानेजमेन्टले फोहरलाई प्रशोधन गरेर पुनःप्रयोग गर्न मिल्ने र अन्य सामग्री बनाउने गर्छ ।

घरपझोङ गाउँपालिका-४ जोमसोम र वडा नं ३ पुथाङमा संकलन भएको एक सय २९ बोरा (एक हजार नौ सय ८६ किलोग्राम) प्लास्टिक, सिसा र टिनजन्य फोहर यसै हप्ता पोखरा पठाइएको एक्याप जोमसोमले जनाएको छ । यसअघि गत माघ ३ गते घरपझोङको स्याङ र ठिनीबाट ५४ बोरा र २६ कार्टुन (एक हजार दुई सय ३८ दशमलव पाँच) किलोग्राम फोहर पोखरा पठाइएको थियो । गत कात्तिक पहिलो हप्ता चार हजार पाँच सय १६ मिटर उचाइमा रहेको थोराङ्ला पासमा प्रहरी र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका जनप्रतिनिधिको सहभागितामा करिब ३० बोरा नकुहिने फोहर संकलन र व्यवस्थापन गरिएको थियो ।

घर तथा होटलमा हुने र सार्वजनिक स्थलका सिसा, प्लास्टिक र टिनजन्य फोहरलाई संकलन केन्द्रमा राख्ने गरिएको छ । फोहरका कारण दीर्घकालीन हिसाबले वातावरण प्रदूषण हुनुका साथै वन्यजन्तु र घरपालुवा बस्तुले खाएर उनीहरू बिरामी पर्ने समस्या देखिएपछि व्यवस्थापन गर्न थालिएको एक्याप जोमसोमका प्रमुख रेग्मीले बताए ।

एक्यापले यस वर्ष घाँसा, लेते र कोवाङमा थप फोहर संकलन केन्द्र बनाउने तयारी गरेको छ । घरपझोङ गाउँपालिकाले प्रदूषण नियन्त्रणका लागि सिसाजन्य मदिराको बिक्री वितरणमा कडाइ गरेको र प्लास्टिकको झोलाको विकल्पमा कपडाको झोला प्रयोगको अभियान सञ्चालन गरेको अध्यक्ष मोहनसिङ लालचनले बताए ।


## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/११/११)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

१

**ऋणीको नाम र ठेगानाको विवरण (सुनवल शाखा, नवलपरासी)**

रन ध्वज गुरुङको नाति तम बहादुर गुरुङको छोरा नवलपरासी जिल्ला स्वाठी गा.पा. वडा नं. ०५ स्थायी घर भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ५२८८३ (जारी मितिः २०५६/११/१०, स्थान नवलपरासी ) भएका **मिलन कुमार गुरुङ ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. चन्द्र ध्वज गुरुङकी छोरी तम बहादुर गुरुङकी बुहारी मिलन कुमार गुरुङकी श्रीमती नवलपरासी जिल्ला स्वाठी गा.पा. वडा नं. ०५ स्थायी घर भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ७४०५९ (जारी मितिः २०६१/०४/३१, स्थान नवलपरासी) भएकी **चन्दा गुरुङ ।**
२. तम बहादुर गुरुङको नाति मिलन कुमार गुरुङको छोरा नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ३६-०१-७४-०८०३८ (जारी मितिः २०७४/१०/१५, स्थान नवलपरासी) भएका **विपिन गुरुङ ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
१. नवलपरासी जिल्ला स्वाठी गा.पा. वडा नं. ०५ स्थायी घर भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०५ बस्ने **मिलन कुमार गुरुङ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला रामनगर गा.पा. वडा नं. ०३ नक्सा सिट नं. ३घ मा अवस्थित कि.नं. २४३ र २३९ क्षेत्रफल क्रमश ०-३-६-० र ०-३-४-२ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. नवलपरासी जिल्ला स्वाठी गा.पा. वडा नं. ०५ स्थायी घर भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०५ बस्ने **मिलन कुमार गुरुङ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला स्वाठी गा.पा. वडा नं. ०५ नक्सा सिट नं. ५घ मा अवस्थित कि.नं. ३५ क्षेत्रफल ०-२-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२

**ऋणीको नाम र ठेगानाको विवरण (सुनवल शाखा, नवलपरासी)**

जयनारायण रेग्मीको नाति देवाकर रेग्मीको छोरा स्याङ्जा जिल्ला केवरेभन्ज्याङ्ग गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ८३७७ (जारी मितिः २०४६/०५/०१, स्थान स्याङ्जा ) भएका **इन्द्र प्रसाद रेग्मी ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. छविरमण् भुरत्यालकी छोरी देवाकर रेग्मीकी बुहारी इन्द्र प्रसाद रेग्मीकी श्रीमती स्याङ्जा जिल्ला केवरेभन्ज्याङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ४२-०२-७३-०४१६५ (जारी मितिः २०७३/०९/०४, स्थान स्याङ्जा) भएकी **लक्ष्मी देवी भुर्त्याल रेग्मी ।**
२. देवाकर रेग्मीको नाति इन्द्र प्रसाद रेग्मीको छोरा स्याङ्जा जिल्ला केवरेभन्ज्याङ्ग गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ४२१०३१/१०००३१ (जारी मितिः २०६६/०६/१८, स्थान स्याङ्जा) भएका **सन्तोष रेग्मी ।**
३. देवाकर रेग्मीकी नातिनी इन्द्र प्रसाद रेग्मीकी छोरी स्याङ्जा जिल्ला केवरेभन्ज्याङ्ग गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ४२१०३१/१०००३२ (जारी मितिः २०६६/०६/१८, स्थान स्याङ्जा) भएकी **रिता रेग्मी ।**

### तपसिल

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
स्याङ्जा जिल्ला केवरेभन्ज्याङ्ग गा.वि.स. वडा नं. ०४ बस्ने **इन्द्र प्रसाद रेग्मी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला दाउन्ने देवी गा.पा. वडा नं. ०७ नक्सा सिट नं. ७ख मा अवस्थित कि.नं. ३८३ क्षेत्रफल ०-१७-१८-०.७५ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३

**ऋणीको नाम र ठेगानाको विवरण (सुनवल शाखा, नवलपरासी)**

काशीराज ढकालको नाति मान सरोबर ढकालको छोरा रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. १२९४४ (जारी मितिः २०५८/०२/०२, स्थान रुपन्देही) भएका **नबराज ढकाल ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. ललित बहादुर कार्कीकी छोरी काशीराज ढकालकी बुहारी मान सरोबर ढकालकी श्रीमती रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ८७३२ (जारी मितिः २०४५/०१/०९, स्थान रुपन्देही) भएकी **माया देवी ढकाल ।**
२. काशीराज ढकालको नाति मान सरोबर ढकालको छोरा रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ५५४५ (जारी मितिः २०५५/०१/२३, स्थान रुपन्देही) भएका **युव राज ढकाल ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ०३ बस्ने **माया देवी ढकाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ०५ नक्सा सिट नं. ०९८१११९०१ मा अवस्थित कि.नं. ८१ क्षेत्रफल ११६.४० व.मि. घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४

**ऋणीको नाम र ठेगानाको विवरण (धापासी शाखा, काठमाडौं)**

प्रेमकुमार अर्यालकी छोरी गोविन्द प्रसाद उपाध्यायकी बुहारी बासुदेव अधिकारीकी श्रीमती धादिङ जिल्ला तसर्पु गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. २६३०४३/८०६ (जारी मितिः २०६३/१०/१७, स्थान धादिङ) भएकी **सुमित्रा अर्याल ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

टंक नाथ अधिकारीको नाति गोविन्द प्रसाद उपाध्यायको छोरा धादिङ जिल्ला धुवाकोट गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. १/६५३५ (जारी मितिः २०६०/१२/२४, स्थान धादिङ) भएका **बासुदेव अधिकारी ।**

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१


# युवा जनशक्ति देशलाई समृद्ध बनाउने मुख्य आधार हुन् : स्वास्थ्यमन्त्री पौडेल



**निजगढ/मस**– स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नेपाललाई समृद्ध बनाउने मुख्य आधार युवा जनशक्ति रहेको बताएका छन् । नेपाल जेसिजले शनिबार बाराको सिमरामा आयोजना गरेको 'लोम लिडर्स एकेडेमी २०२५' को उद्घाटन समारोहमा उनले पर्याप्त युवा जनशक्ति भएर पनि देश आर्थिक विकास र पूर्वाधार निर्माणको पक्षमा पछि परेकामा चिन्ता व्यक्त गरे । मन्त्री पौडेलले परनिर्भरताको मनोविज्ञानलाई त्यागेर देशभित्रै भएको शक्तिलाई प्रयोग गर्ने सामर्थ्य विकास गर्नु अपरिहार्य भइसकेको बताए ।

'युवा जनशक्तिको गन्तव्य अन्य देश हुनु अहिलेको जटिल समस्या हो । युवालाई देशभित्रै बस्ने वातावरण निर्माण गर्नु उद्यमशीलतामा जोड दिनुपर्छ । यसका लागि व्यवसायमैत्री नीति बनाएर विदेशी लगानी भित्र्याउने, स्वदेशको रकम स्वदेशमै लगानी गर्ने र युवा जनशक्तिका लागि रोजगारीको अवसर सिर्जना गर्नतर्फ सबै गम्भीर भएर लागौं,' उनले भने ।

राज्यले लगानी गरेर उत्पादन गरेको प्राविधिक जनशक्तिसमेत विदेसिने क्रम बढिरहेको भन्दै मन्त्री पौडेलले राज्यको नीतिगत क्षेत्रमा युवाको उपस्थिति अपरिहार्य रहेकामा जोड दिए । उनले युवा नेतृत्व निर्माणका क्षेत्रमा काम गर्दै आएको जेसिजलाई व्यक्तित्व विकाससँगै नीतिगत क्षेत्रमा केन्द्रित भएर काम गर्ने जनशक्ति उत्पादन गर्न सुझाव दिए ।

सिमरा जेसिजको समन्वयमा आयोजित एकेडेमीमा देशका १८१ शाखाका प्रतिनिधि सहभागी हुने नेपाल जेसिजकी अध्यक्ष रजनी थापाले जानकारी दिइन् । कार्यक्रममा वर्ष २०२४ का अध्यक्ष रविन पोखरेल, पूर्वअध्यक्ष प्रकाश केसी, सुशीलबाबु श्रेष्ठ, कार्यकारिणी उपााध्यक्ष एलिना महर्जन, तालिम आयुक्त राजराम गौतमलगायतले सम्बोधन गरेका थिए ।

# कुम्भ मेलाबाट फर्किएका ४ जना नेपालीको सवारी दुर्घटनामा मृत्यु, ६ जना घाइते



**सप्तरी/मस**–भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा जारी कुम्भमेलाबाट घर फर्किएका यहाँका चार जनाको सवारी दुर्घटना मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन् ।

उत्तर प्रदेशका गोरखपुर लिङ्क रोडमा गए राति भएको दुर्घटनामा कञ्चनरूप नगरपालिका- ७ का ६५ वर्षीय परशुराम चौधरी, ६४ वर्षीया लिलावती चौधरी, वडा नम्बर- ५ की ५५ वर्षीया हरिहरवती यादव र उनकी भाउजू सुनसरीको कुशहा गाउँपालिका- १ की समतोलियादेवी यादवको मृत्यु भएको कञ्चनरुप नगरपालिका- ७ का वडाध्यक्ष समानन्द चौधरीले बताए ।

सोही गाडीमा सवार लिलावतीका श्रीमान् कञ्चनरुप नगरपालिका १ स्थित लक्ष्मीनारायण माधयमिक विद्यालय वैरवाका शिक्षक उपेन्द्र नारायण चौधरी, वडा नम्बर ७ कै लालुदेबी यादव, वडा नम्बर ५ का जीतु यादव, मुकेश यादव, उदयपुर निवासी उपेन्द्रका बहिनीज्वाई र चालकसहित ६ जना घाइते भएका छन् । उनीहरुको गोरखपुर अस्पतालमा उपचार भइरहेको छ । तीन जना मृतकका छोरा शव लिन तीन वटा एम्बुलेन्स लिएर गोरखपुरतर्फ प्रस्थान गरेका वडा अध्यक्ष चौधरीले जानकारी दिए ।

# योगले शारीरिक तथा मानसिक रूपमा स्वस्थ बनाउँछ : सभामुख घिमिरे

**कास्की/मस–** सभामुख देवराज घिमिरेले योगले शारीरिक तथा मानसिक रूपमा शरीरलाई चुस्तदुरुस्त र स्वस्थ राख्ने बताएका छन् । जीवन विज्ञान फाउन्डेशनद्वारा शनिबारदेखि पोखरामा आयोजित एकहप्ते योग शिविरको उद्घाटन गर्दै उनले आत्मानुशासनका लागि योग महत्वपूर्ण मानिएको बताए ।

पछिल्लो समय सरकारले योग, ध्यान र साधनालाई आफ्नो नीति तथा कार्यक्रममा समावेश गरेको बताउँदै सभामुख घिमिरेले योग र ध्यानलाई वैज्ञानिक पद्धतिका रूपमा लिने गरिएको उल्लेख गरे । उनले मानिस सुखी र खुसी रहन योग र ध्यान प्रभावकारी हुने धारणा राखे ।

नेपाललाई आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न सकिने बताउँदै उनले यस्ता साधनाले नेपाललाई शान्ति क्षेत्रका रूपमा समेत विकास गर्ने बताए ।




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले योग, ध्यान र साधनाले मानिसको शरीरमा थप ऊर्जा प्राप्त हुनाका साथै चेतनाको स्तरमा समेत वृद्धि हुने धारणा राखे । राजनीतिक जीवनमा पनि ध्यान र योग आवश्यक पर्ने भन्दै मानिसमा भएका नकारात्मक भावनालाई सकारात्मक बनाउन पनि यस्ता शिविरको योगदान महत्वपूर्ण हुने उनले बताए । पोखरालाई पर्यटन राजधानी घोषणा गरेसँगै यहाँ आउने पर्यटकको संख्या बढाउन यस्ता योग शिविरले मद्दत पुऱ्याउने उनले विश्वास व्यक्त गरे ।

गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले योग र साधनाले मानिसका कतिपय रोगहरू निको हुने र मानसिक अवस्था सबल हुने बताउँदै यस्ता योग र ध्यानलाई सरकारले प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

सरकारका मुख्य सचिव एकनारायण अर्यालले योग र ध्यानबाट मानिसको स्वास्थ्यमा सुधार ल्याउन सकिने बताउँदै सरकारले योग र ध्यानलाई पछिल्लो समय महत्व दिएर अगाडि बढेको बताए । गौतम बुद्धले योग र साधनाबाट आफ्नो प्रभाव विश्वमा फैलाए जसरी नै योग र साधनाबाट नेपाललाई चिनाउन सकिने उनले विचार व्यक्त गरे ।

प्रदेशका सामाजिक विकास तथा युवामन्त्री विन्दुकुमार थापाले प्रदेश सरकारले पनि योग र ध्यान केन्द्रलाई प्राथमिकता दिँदै आएको बताए । गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धिताल, राप्रपा नेपालका केन्द्रीय उपाध्यक्ष हेमजङ्ग गुरुङलगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

# माओवादीले नेतृत्व गरेका पालिका टाढैबाट चिनिने बनाउनुपर्छ : प्रचण्ड

**काठमाडौं/मस–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टी अब आफ्नै वर्गमा फर्केर स्थानीय तहबाट समाजवादको अभ्यास गर्ने अभियानमा अघि बढेको बताएका छन् । माओवादी केन्द्र केन्द्रीय कार्यालयले आयोजना गरेको स्थानीय तहबाट समाजवादको पूर्वाधार निर्माणसम्बन्धी अभिमुखीकरणको उद्घाटन गर्दै उनले यस्तो धारणा राखेका हुन् ।

अध्यक्ष प्रचण्डले अब माओवादी केन्द्रले नेतृत्व गरेका सबै पालिका नमुना बन्नुपर्ने र टाढैबाट फरक छन् भनेर चिनिने बनाउनुपर्ने बताए । स्थानीय तहबाट समाजवादी अर्थतन्त्र, संस्कृति र शैलीको थालनी गर्न अब पुरानैको निरन्तरता होइन, नयाँको थालनी गर्ने बेला आएको उल्लेख गर्दै उनले यो रणनैतिक सिफ्ट भएको बताए ।

अध्यक्ष प्रचण्डले समाजवादको सैद्धान्तिक बहसलाई व्यवहारिकरुपमा स्थानीय तहबाट निर्माण गर्दै लैजाने पार्टीले निर्णय गरेको जानकारी दिए । एकातिर स्थानीय तहबाट समाजवादको अभ्यास गर्ने र अर्कोतिर विभिन्न अभियानमार्फत जनतालाई अपिल गर्ने पार्टी निर्णय कार्यान्वयन सुरु भएको उल्लेख गर्दै उनले यसको मर्मलाई आत्मसात गरेर अघि बढ्न आग्रह गरे ।



पार्टीले आठौं महाधिवेशनबाट अघि सारेको नेपाली विशेषताको समाजवाद निर्माण गर्ने मर्मका साथ माओवादी केन्द्रले नेतृत्व गरेका कयौं स्थानीय पालिकाले उत्कृष्ट नतिजा दिँदै आएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले स्थानीय विशेषताअनुसारको समाजवादको अभ्यासका लागि अब जनताले फरक महसुस गर्ने कार्यक्रम अघि बढाउनुपर्ने बताए ।

समुदायसँग मिलेर स्थानीय विशेषतासहितको समाजवाद निर्माण गर्नुपर्नेमा सबै नेता कार्यकर्ताको समान बुझाइ हुनुपर्ने उल्लेख गर्दै उनले पार्टीले समाजवादतर्फको यात्रा सुरु गरेन भनेर कुनै न कुनै रुपले देश दुर्घटनामा जाने बताए । अब विकास विदेशीको नक्कल गरेर नभइ आफ्नै विशेषतामा अघि बढाउनुपर्ने उल्लेख गर्दै अध्यक्ष प्रचण्डले आउने पीढीको भविष्यलाई समेत ध्यान दिएर नेपाली समाजमा अग्रगामी विकल्प दिनुपर्ने दायित्व माओवादीको काँधमा आएको बताए ।

उनले १८ महिनाको सरकारको अनुभव र सरकारबाट बाहिरिँदै गर्दा जनतामा गरिएको अपिलले जनतामा सकारात्मक प्रभाव पर्दै गएको र माओवादीप्रति पुनः आकर्षण फर्कन थालेको बताए । अध्यक्ष प्रचण्डले पछिल्लो केही समय आवश्यकता भन्दा बढी सहकार्य र समीकरण गर्दै जाँदा आफ्नो वर्ग र समुदायसँगको सम्बन्ध कमजोर भएको गम्भीर आत्मसमीक्षा गरेर आफ्नै वर्गमा फर्कनुपर्छ र पार्टीलाई पुरानै अवस्थामा फर्काउन सकिन्छ भन्ने निष्कर्षमा पुगेर नयाँ अभियान थालिएको जानकारी दिए ।

उनले सरकारको प्रस्तुति दिन प्रतिदिन कमजोर बन्दै गएको छ, यसलाई विभिन्न तत्वहरुले आफ्नो अनुकूलबाट व्याख्या गर्ने प्रयास गरिरहेको बताए । इतिहासको रछ्यानमा मिल्काइएका तत्वहरुले पनि आफूअनुकूल व्याख्या गर्न थालेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले अब यो देशको अग्रगामी विकल्प माओवादी मात्रै हो भन्ने तथ्य व्यवहारबाटै पुष्टि गर्ने बेला आएको बताए ।

# परराष्ट्रमन्त्रीद्वारा केआइआइटी घटनाबारे उडिसा मुख्यमन्त्रीसँग टेलिफोन वार्ता

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले भारतको उडिसास्थित केआइआइटीमा नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्यु र त्यसपछि विकसित घटनाक्रमबारे शनिबार उडिसाका मुख्यमन्त्री मोहनचरण माझीसँग टेलिफोनमा कुराकानी गरेकी छन् ।

परराष्ट्रमन्त्रीले उनीसँग लम्सालको मृत्युको निष्पक्ष अनुसन्धान र दोषीमाथि कारबाहीका साथै त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीको सुरक्षित वातावरणमा पठनपाठनको व्यवस्थाका लागि आग्रह गर्नुभएको परराष्ट्रमन्त्रीको निजी सचिवालयले जनाएको छ ।



नेपाली विद्यार्थीमाथि दुर्व्यवहार गर्ने शिक्षक तथा कर्मचारीलाई कलेजले बर्खास्त गरेकोमा उनीहरुलाई अस्थायी नभएर स्थायी रुपमा नै हटाउन उडिसा सरकारले नै पहल गरिदिनका लागि उनले आग्रह गरेकी थिइन् ।

यस विषयमा कलेजमा समिति बनेको र त्यहाँ नयाँदिल्लीस्थित नेपाली राजदूतावासका कूटनीतिक कर्मचारी खटिएकाले समन्वयका लागि मन्त्री देउवाले मुख्यमन्त्री माझीसँग आग्रह गरिन् ।

मुख्यमन्त्री माझीले घटनालाई उडिसा राज्यले नै गम्भीर रुपमा लिएको र लम्साललाई न्याय र दोषीमाथि कारबाहीका लागि उच्चस्तरीय छानबिन समिति गठन गरेर काम सुरु गरिएको जानकारी गराएका थिए । साथै उनले त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीलाई सुरक्षित रुपमा पठनपाठनको व्यवस्थाका लागि उडिसा सरकारका तर्फबाट आवश्यक सबै सहयोग उपलब्ध गराउने आश्वासन दिएका थिए ।

परराष्ट्र मन्त्रालय र नेपाली राजदूतावास र उडिसा सरकार, केआइआइटी प्रशासन र भारतीय सुरक्षा अधिकारीको सम्पर्कमा रहेरसमन्वयका साथ काम गरिरहेका छन् ।

# लोकतन्त्रको विकल्प छैन : गृहमन्त्री

**काठमाडौं/मस–**गृहमन्त्री रमेश लेखकले लोकतन्त्रको विकल्प नभएको बताएका छन् । शनिबार काठमाडौंमा आयोजित सुदूरपश्चिम कानुन समाजको प्रथम अधिवेशनमा उनले लोकतन्त्रको विकल्प लोकतन्त्र मात्रै हुने बताए ।

'अहिलेको संविधानले लोकतन्त्रलाई सुनिश्चित गरेको छ, यसको विकल्प खोज्ने भनेको मुलुकलाई संकटमा धकेल्ने काम हो, त्यसैले सबै ठाउँबाट संविधानमाथि हुने आक्रमणको डटेर सामना गर्नुपर्छ', उनले भने ।



लोकतन्त्रको रक्षा, संविधानको सुरक्षा र समावेशिताको सुदृढीकरण आजको आवश्यकता भएको गृहमन्त्री लेखकले बताए । १० वर्षमा संविधानको अभ्यास गर्दा देखिएका सबल र दर्बल पक्षको विश्लेषण गरी संविधान संशोधनको तयारी भइरहेको उनले बताए । संविधान संशोधन गर्दा संसदीय सर्वोच्चताको कुरा गर्नुपर्ने गृहमन्त्री लेखकले आवश्यकता औंल्याए ।

कानुन र नीतिगत सुधार सरकारका प्राथमिकता हुन् भन्दै उनले राज्यका सबै अंगमा सुदूरपश्चिमको उचित प्रतिनिधित्व गराउन आफू लागिपरेको बताए ।

# कर्णालीमा 'तरल नाइट्रोजन प्लान्ट' स्थापना सुरु



**सुर्खेत/मस–**कर्णालीमा 'तरल नाइट्रोजन प्लान्ट' स्थापना गर्न सुरु भएको छ । गत आर्थिक वर्षदेखि स्थापनाको काम सुरु गरिएकामा चालु आवमा निर्माण थालिएको हो ।

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पशु नश्ल सुधार गरी उत्पादन वृद्धि गर्ने उद्देश्यले पशुपन्छी विकास निर्देशनालय वीरेन्द्रनगर सुर्खेतको परिसरमा 'तरल नाइट्रोजन प्लान्ट' स्थापना गर्न लागेको निर्देशनालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतका अनुसार पशुको वीर्य भण्डारण तथा कृत्रिम गर्भाधानको उद्देश्य राखी तरल नाइट्रोजन प्लान्ट निर्माण सुरु भएको हो । प्लान्ट स्थापनापछि गाई, भैंसीको नश्ल सुधार, उच्च गुणस्तरका पाडा र बाच्छा उत्पादन गर्ने उद्देश्य पुरा हुने उनले बताए ।

गत आवमा रु ४० लाखका विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर चालु आवमा रु चार करोड ८५ लाख बजेट विनियोजन भएपछि कर्णाली प्रदेशमा पहिलोपटक प्लान्ट निर्माण सुरु भएको प्रवक्ता कठायतले जानकारी दिए ।

प्रदेशलाई दूधमा आत्मनिर्भर बनाउनका चालु आवमा सरकारले पर्याप्त बजेट विनियोजन गरेकाले सम्झौता भइ काम अघि बढाइएको उनले बताए ।

'पशुको वीर्य भण्डारण तथा कृत्रिम गर्भाधान गर्न तरल नाइट्रोजन प्लान्ट आवश्यक पर्ने गर्दछ । नश्ल सुधारका लागि अहिले कर्णाली प्रदेशले पशुको वीर्य बाहिरबाट ल्याउनुपर्ने बाध्यता छ', प्रवक्ता कठायतले भने ।

बाहिरबाट खरिद गरेर ल्याइएका उच्च जातका राँगा र साँढेको जमेको वीर्यलाई सुरक्षित राख्न र कृत्रिम गर्भाधान प्रक्रियामा प्रयोग गर्न प्लान्ट सहयोगी हुने उनले विश्वास व्यक्त गरे । उनका अनुसार पशुपन्छी विकास निर्देशनालयले यहाँका दुई सय ५० किसानले पालन गरेका पशुचौपायामा कृत्रिम गर्भाधान सेवा दिँदै आएको छ ।

दूध र मासु उत्पादनका लागि कृत्रिम गर्भाधानमार्फत् नश्ल सुधार अत्यन्त प्रभावकारी भएको मन्त्रालयले जनाएको छ । हाल एक हजार पाँच सय भन्दाबढी कृतिम गर्भधानको माग किसानबाट आइरहेको मन्त्रालयका प्रवक्ता कठायातले जानकारी दिए ।

प्लान्ट स्थापना भएपछि तीन वर्षसम्म प्राविधिक पक्ष निर्माण व्यवसायले हेर्ने सम्झौता भएको छ । प्लान्ट स्थापनापछि नाफा र घाटा हिसाब आठ वर्षपछि मात्र आउने उनले जानकारी दिए ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**सघन शहरी तथा भवन निर्माण आयोजना**
वीरगंज, पर्सा

